
# लेखापरीक्षण प्रतिवेदन

## माण्डवी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# माण्डवी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/431

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
माण्डवी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,
प्युठान।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीकाो एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ५ करोड ७६ लाख २४ हजार , पर्यटन पूर्वाधार विकासको रु. १६ लाख, एकिकृत स्वास्थ्य क्षेत्रे कार्यक्रमको रु. ५ करोड ५१ लाख ४६ हजार, सामाजिक विकासको

रु. ३ लाख ७५ हजार तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३ लाख ६० हजार समेत गरी रु. ११ करोड ५१ लाख ५ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. १ अर्व ६९ लाख २१ हजार लेखापरीक्षण गरिएकोमा रू. ३ करोड ८७ लाख ५९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १५ लाख ६८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु ३ करोड ७१ लाख ९१ हजार मध्ये असुल गर्नुपर्ने रू. १२ लाख ७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २९ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु.३ करोड २१ लाख २६ हजार र पेस्की बाँकी रु. ८ लाख ५५ हजार रहेको छ।गत वर्षसम्म रु. ३ करोड ९२ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड ६४ लाख १३ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाको आ.व. ०८०/८१ मा वित्तीय विवरणमा समावेश हुनु पर्नेमा अन्तर सरकारी हस्तान्तरण तर्फको निकासा खर्च समावेश नगरेको, वित्तीय विवरणमा हिसाब फरक परेको, लेखानीति तथा टिप्पणीमा खुलासा गर्नुपर्नेमा सम्पत्ति तर्फको खुलासा नगरेको अवस्था रहेको छ ।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने माण्डबी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी माण्डवी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा

यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु (रु.हजार)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ११४ | ४९ | ३८७५९ | ० | १२ | १५६८ | ० | ११४ | ३७ | ३७१९१ | १२७१ | ३२१२६ | २९३९ | ० | ० | ३५०६५ | ८५५ |

अद्यावधिक बेरुजू स्थिति (रु.हजार)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्यूठान | ४२९४४ | ० | ३७२२ | ३९२२२ | ० | ३७१९१ | |

बेरुजु सम्परीक्षणको विवरण

| | | | | सम्परीक्षण भएको |
|---|---|---|---|---|

| क्र.स | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १४ | बैठक भत्ता | १९५५०.० |
| २ | २०८०/८१ | ६१.२ | बढी भुक्तानी | ८२७५.० |
| ३ | २०८०/८१ | ४२.६ | प्रधानमन्त्री रोजगार कर्यक्रम | १०८०३७९.० |
| ४ | २०८०/८१ | ५७.५ | प्रदेश समपुरक | ४८३८५.० |
| ५ | २०८०/८१ | ३० | कार्यक्रम बाहिरको खर्च | ४११०००.० |
| ६ | २०७९/८० | ३६ | समितिलाई विद्युत शुल्क महशुल अनुदान | ३७३७५५.० |
| ७ | २०७९/८० | २० | लघु उद्यम कार्यक्रम | ६५०१०.० |
| ८ | २०७९/८० | ७९ | मर्कावाङ स्वास्थ्य चौकी | १९९२२६३.० |
| ९ | २०७९/८० | १५ | बैठक भत्ता | ३४००.० |
| १० | २०७९/८० | ३३ | नाफामूलक संस्थालाई अनुदान | ६००००.० |
| ११ | २०७९/८० | ४० | गरिब असहाय मिटरबक्स | ३४७८०९.० |
| १२ | २०७९/८० | ४७ | कृषि तथा पशु कार्यक्रमहरु : | ७००४७६.० |
| १३ | २०७८/७९ | २६ | पेश्की वाँकी | १७९०२३.० |
| | | | **जम्मा** | **५२८९३२५** |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| विगतको लेखापरीक्षण वक्यौता नरहेको। | माण्डवी गाउँपालिका |

# (८०५५५५०६३०० - माण्डवी गाउँपालिका, प्युठान )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५। ११ देखि २०८०।५। १४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब ६९ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६३७०३।२२ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं | विवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा | ६३७०३।२२ |

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | नगद | तेस्रो पक्ष भुक्तानी | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,००,७७,८९७.७० | ० | ७,००,७७,८९७.७० | ७,०२,०३,६९२.७१ | ० | ७,०२,०३,६९२.७१ |
| १३००० | अनुदान | | २५,९७,२९,५२९.३० | ० | २५,९७,२९,५२९.३० | २९,३५,६१,७३४.४१ | ० | २९,३५,६१,७३४.४१ |
| १४००० | अन्य राजस्व | | १,२४,२५,३४७.६३ | ० | १,२४,२५,३४७.६३ | १,३६,१६,६७०.९५ | ० | १,३६,१६,६७०.९५ |
| १५००० | विविध प्राप्ति | | ३,६९,७९८.०० | ० | ३,६९,७९८.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ३४,२६,०२,५७२.६३ | | ३४,२६,०२,५७२.६३ | ३७,७३,८२,०९८.०७ | | ३७,७३,८२,०९८.०७ |
| ३ | चालु | | २४,४०,३८,७७४.३१ | ० | २४,४०,३८,७७४.३१ | २७,०१,७०,९८५.७८ | ० | २७,०१,७०,९८५.७८ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२,३९,७१,४७४.२८ | ० | १२,३९,७१,४७४.२८ | १२,७६,४४,१२५.३२ | ० | १२,७६,४४,१२५.३२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,६९,४४,११३.०३ | ० | ७,६९,४४,११३.०३ | ११,३१,३६,७३५.५९ | ० | ११,३१,३६,७३५.५९ |
| २५००० | सहायता (Subsidy) | | ३,६१,५४,५८५.०० | ० | ३,६१,५४,५८५.०० | १,७०,००,७३५.०० | ० | १,७०,००,७३५.०० |
| २७००० | सामाजिक सुरक्षा | | ५१,२७,९८१.०० | ० | ५१,२७,९८१.०० | १,०६,३१,९८९.८७ | ० | १,०६,३१,९८९.८७ |
| २८००० | अन्य खर्च | | १८,४०,६२१.०० | ० | १८,४०,६२१.०० | १७,५७,४००.०० | ० | १७,५७,४००.०० |
| ४ | पूंजीगत | | १०,८१,२५,६९६.०० | ० | १०,८१,२५,६९६.०० | ११,४१,९५,७११.७२ | ० | ११,४१,९५,७११.७२ |
| ३१११० | भवन तथा संरचना | | १,१५,६६,१२२.०० | ० | १,१५,६६,१२२.०० | ४,३२,९९,२४२.१० | ० | ४,३२,९९,२४२.१० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,०२,२४,२१४.०० | ० | १,०२,२४,२१४.०० | ४५,८४,६४९.९८ | ० | ४५,८४,६४९.९८ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३८,२३,५४८.०० | ० | ३८,२३,५४८.०० | ९,९८,०००.०० | ० | ९,९८,०००.०० |
| ३११४० | सुरक्षा उपकरण | | ४,८८,७३४.०० | ० | ४,८८,७३४.०० | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | ८,१८,८३,०७८.०० | ० | ८,१८,८३,०७८.०० | ६,५२,६३,८१९.६४ | ० | ६,५२,६३,८१९.६४ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ४०,०००.०० | ० | ४०,०००.०० | ५०,०००.०० | ० | ५०,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,००,०००.०० | ० | १,००,०००.०० | ० | ० | ० |
| ५ | वित्तीय | | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | | ३५,२१,६४,४७०.३१ | | ३५,२१,६४,४७०.३१ | ३८,४३,६६,६९७.५० | | ३८,४३,६६,६९७.५० |
| ग) | बचत /कमी (ग = क-ख ) | | (९५,६१,८९७.६८) | | (९५,६१,८९७.६८) | (६९,८४,५९९.४३) | | (६९,८४,५९९.४३) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दात | | ६०,३०,०४१.५९ | | ६०,३०,०४१.५९ | १,३८,०२,७३३.५३ | | १,३८,०२,७३३.५३ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात | | (३५,३१,८५६.०९) | | (३५,३१,८५६.०९) | ६८,१८,१३४.१० | | ६८,१८,१३४.१० |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,०५,१०,८०१.४३ | | ५,०५,१०,८०१.४३ | ४,३६,९२,६६७.३३ | | ४,३६,९२,६६७.३३ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात | | ४,६९,७८,९४५.३४ | | ४,६९,७८,९४५.३४ | ५,०५,१०,८०१.४३ | | ५,०५,१०,८०१.४३ |

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS**मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ५७६२४२३३.९६ | ५७६२४२३३.९६ | १ | सामाजिक सुरक्षा तथा संरक्षण | ५७६२४२३३.९६ | ५७६२४२३३.९६ |
| २ | एकीकृत स्वास्थ्य तथा पुर्वधार विकास कार्यक्रम | ५५१४६००० | ५५१४६००० | २ | एकीकृत स्वास्थ्य तथा पुर्वधार विकास कार्यक्रम | ५५१४६००० | ५५१४६००० |
| ३ | सामाजिक विकास कार्यक्रम | ३७५००० | ३७५००० | ३ | सामाजिक विकास कार्यक्रम | ३७५००० | ३७५००० |
| ४ | पर्यटन पुर्वधार विकास आयोजना | १६०००४६ | १६०००४६ | ४ | पर्यटन पुर्वधार विकास आयोजना | १६०००४६ | १६०००४६ |
| ५ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३६०००० | ३६०००० | ५ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३६०००० | ३६०००० |
| | **जम्मा** | **११५१०५२८०** | **११५१०५२८०** | | **जम्मा** | **११५१०५२८०** | **११५१०५२८०** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **राजस्व ढिला दाखिला गरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा २७ बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ ।त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ । गाउँपालिका कार्यालयमा २०८०।९।६ देखि २०८०।९।२९ सम्म संकलन भएको राजस्व रु.२५,९९६।-मिति २०८०।१०।४ मा चन्द्र बहादुर कार्किले दाखिला गरेको देखिन्छ । गाउँपालिकामा संकलित राजस्व समयमै दाखिला भएको नदेखिएकोले कानूनबमोजिम जरिवाना लगाउनुपर्ने देखिन्छ र वडा कार्यालयहरुमा संकलन भएको राजस्व भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको जनाएता पनि राजस्व समयमै दाखिला गर्नुपर्नेमा समयमै दाखिला भएको देखिदैन तसर्थ दाखिला ढिलो गरेको कारणले तोकिएको कानूनबमोजिम जरिवाना लगाई समयमा दाखिला गर्नपर्ने देखिन्छ ।वडा कार्यालयमा संकलित राजस्व तपशिल बमोजिम छन् ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **जनतासँग स्थानीय सरकार कार्यक्रम**

४.१ पालिकाले जनताका सामान्य समस्या, विकासका आवश्यकता, भोगिरहेका कठिनाईहरुलाई सरल सहज र छिटो छरितो प्रभावकारी ढंगले सम्पन्न गर्नका लागि जनतासँग स्थानीय सरकार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ तर्जुमा गरी आ.व. २०८०।२०८१ मा रु. ४५०००००।- विनियोजन गरेकोमा अध्यक्ष लक्षित कार्यक्रममा रु.१८६२९१९।- तथा उपाध्यक्ष लक्षित कार्यक्रममा रु.

६३९४८१।– गरी जम्मा रु. २५०२४००।- खर्च गरेको छ।पालिकाले कुनै कुनै योजनाहरुमा एक जना व्यक्तिको लागि मात्रै पनि योजना बनाएको छ।पालिकाले योजनाहरु सञ्चालन गर्दा व्यक्ति केन्द्रित योजना भन्दा समुहगत अर्थात लक्षित समुह केन्द्रित योजनाहरु बनाउनु पर्ने देखिन्छ। साथै चुमान सिंह वलीलाई रु.१२३१९२।-तथा यम बहादुर वलीलाई रु.२५०००।-दिएको देखियो । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| सि नं | योजनाको नाम | बजेट | खर्च रकम |
|---|---|---|---|
| **अध्यक्ष लक्षित कार्यक्रम** | | | |
| १ | वि पी सि देखि दारीमचौर सडक र प्रतिक्षालय मर्मत | १००००० | ९९८८१ |
| २ | ओडार टोलमा नाली तथा मेसिनरी वाल निर्माण | ५००००० | ५०००० |
| ३ | थापाटोल पोखरी निर्माण | ५०००० | ५०००० |
| ४ | मालघारी कूलो निर्माण | ६०००० | ६०००० |
| ५ | रिठेखोला डाडाकटेरी सिंचाई पाईप बिस्तार योजना | २००००० | २००००० |
| ६ | राईपाल खानेपानी मूलमर्मत तथा संरक्षण | २५०००० | २५०००० |
| ७ | चोरपानी नया बाटो निर्माण | २००००० | २००००० |
| ८ | कल्बोटबाट सुनखोला सम्म पक्कि कुलो निर्माण योजना | २५०००० | १९८६७४ |
| ९ | अर्दुस सिंचाई पाईप | ५०००० | ५०००० |
| १० | तल्लो खेत सिचाई कुलो निर्माण | ५०००० | ४९२७१ |
| ११ | सारुटोला देखि तल्लो खन्न हुदै मोटरबाटो सम्म पक्कि सिचाई कुलो निर्माण | २५०००० | १९०४५५ |
| १२ | डीपेन्ट टंकी निर्माण | ५०००० | ५०००० |
| १३ | गणेश मा.वि झ्याल ढोकामा ग्रिल जडान योजना | १००००० | १००००० |
| १४ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत निर्माण सामग्री खरिद तथा ढुवानै | ३२०००० | ३१४६३८ |
| | **जम्मा** | **२४३००००** | **१८६२९१९** |
| **उपाध्यक्ष लक्षित कार्यक्रम** | | | |
| १५ | यज्ञश्वरि प्रा वि भौतिक निर्माण | ५०००० | ० |
| १६ | मट्टि खन्न बट्टार कुलो निर्माण | १००००० | १००००० |
| १७ | अरुणा भवानिश्वरि लिफ्ट | १००००० | ९९६६२ |
| १८ | गौमुखि वालविकास भवन निर्माण | १५०००० | १५०००० |
| १९ | तल्लोखण्ड लामाचौर सिचाइ | ६०००० | ५९३२१ |
| २० | इश्वर सुनारको शौचालय निर्माण | ६५००० | ६५००० |
| २१ | थापाटोल सिचाइकुलो निर्माण | ११५००० | ११२३१८ |
| २२ | मास पोखरि निर्माण | २५००० | २५००० |
| २३ | बागेश्वरि मा वि मर्मत | १५०००० | १५०००० |
| २४ | इन्दिरा अधिकारि सिचाइ पोखरि निर्माण | १००००० | १००००० |
| २५ | जगं वहादुर विटालु बाख्रा खोर निर्माण | ५०००० | ५०००० |
| २६ | कमल के सी शौचालय निर्माण | २५००० | २५००० |
| २७ | जुडा खेतलामाचौर सिचाइ कुलोको लागि सिचाइ पाइप | २५००० | २५००० |

| | | | |
|---|---|---|---|
| २८ | नन्दबहादुर महराको शौचालय निर्माण | ५०००० | ५०००० |
| २९ | कालेदमाइको आवास निर्माण | ५०००० | ५०००० |
| ३० | प्रतिक्षालयनिर्माण | १००००० | १००००० |
| ३१ | चुमान सिंओलि | १२५००० | १२३१९२ |
| ३२ | यम बहादुरवलि | २५००० | २५००० |
| ३३ | फरिन्देसिचाइकुलो | ३५००० | ३५००० |
| | **जम्मा** | **६३९४८१** | **६३९४८१** |

४.२ जनता संग स्थानीय सरकार कार्यक्रम नामक खर्च शीर्षकबाट माण्डवी -२ थापा टोल सिंचाई पोखरी निर्माणको लागि कल्पना स्टोर्स माण्डवी -३ देवीस्थानबाट १७ बोरा ओ.पि.सी सिमेन्ट खरीद गरी गो.भौ ६४३।०८१।३।१९ बाट रु.११७३०।-बराबरको सिमेण्टको रकम भुक्तानी गरेको देखियो । सो कार्यको लागि कल्पना स्टोर्स देवीस्थानबाट खरिद गरेकोमा सो फर्मले सिमेन्टको कारोबार गर्ने गरी ईजाजत नरहेकोमा किराना तथा खाद्य पसलबाट सिमेन्ट खरिद गरेको वील सहितको भुक्तानी लिएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ११,७३० |

## ५ विधुत् महसुलमा छुट कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ।पालिकाले लक्षित वर्गको लागि विनियोजन गरेको रकम लक्षित वर्गको दिगो पूँजी निर्माण तथा उत्थानमा खर्च गर्नुपर्नेमा सम्पूर्ण वडाका नागरिकले २० युनिट सम्म खपत गरेको बिद्युत महशुल भुक्तानी गर्ने जस्ता घरायसी प्रयोजनमा प्रयोग हुने माण्डवीबासीहरुको लागि २० युनिट सम्म विद्युत महशुल छुट कार्यक्रम लागू गरी यस आर्थिक वर्षमा रु.१८८६००४।- खर्च गरेको छ । लक्षित वर्ग कार्यक्रम अन्तर्गत घरायसी प्रयोजनमा प्रयोग हुने सामग्री तथा नागरिकहरुको विद्युत महशुल भुक्तानी गर्ने जस्ता कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

## ६ वन पैदावार आय असूल नभएको

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायिक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्रि वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

## ७ बेरुजुको लगत

नगरपालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।

- म. ले. प. फाराम, ८०१ बेरुजु लगत नराखेको,
- म.ले. प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,
- म. ले. प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

८ **डामृखोला गणेश मा.वि देखि धनचौर हुदै मुर्कुटी सडकः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। डामृखोला गणेश मा.वि देखि धनचौर हुदै मुर्कुटी सडकको लागि रु १० लाख विनियोजन भएकोमा सो सडक खण्डमा प्राविधिक स्टिमेटमा २*१*१ को २ पिस र १.५*१*१ को ४ पिसको ग्याविन वक्सको स्टिमेट सहित लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गरेको पाइयो । जसमा २ जाली ३७००*२=७४०० र ३०५०*४=१२२०० गरी जम्मा १९६००।-को ग्याविन जाली कल्पना स्टोर्स माणडवी ३ देवीस्थानबाट खरिद गरेको विल भर्पाई पेश गरी गो.भौ.७५ ।२०८१।०१।११ बाट भुक्तानी दिएको देखियो । पालिकामा पेश गरेको विल भरपाई परिक्षण गर्दा कल्पना स्टोर्स माणडवी ३ देवीस्थानको कारोवार किराना पसलको रुपमा माण्डवी गाउँपालिकामा दर्ता कायम रहेकोले सो फर्मबाट जाली खरिद गरी बिल भर्पाई मार्फत भएको नियमसम्मत देखिएन, रु.

| | |
|---|---|
| अनियमित भएको | १९,६०० |

९ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१० **प्राविधिक विल र कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

११ **खरिद कारवाहि अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्धरुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोकेअनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

१२ **बक्यौता तथा जरिवाना रकमको भुक्तानीः**

पालिकाले विमा तथा नवीकरण खर्च शीर्षकबाट कार्यालयको आफ्नै सवारी साधनको रुपमा रहेका मोटरसाइकल र लोडरको हाल सम्मको बक्यौता रकम तथा दर्ता नवीकरण रकम भुक्तानी गरेको पाईयो । कार्यालयलाई थप आर्थिक व्ययभार पर्ने गरी कुनै पनि भुक्तानी गर्न नहुने तथा कुनै पनि दर्ता नवीकरण समयमा नै गराइ कार्यालयलाइ थप व्ययभार नपर्ने गरी गर्नुपर्नेमा सो भएको देखिएन । यस सम्बन्धमा लेखाउत्तरदायी अधिकृत, आर्थिक प्रशासन शाखा तथा जिन्सी शाखा बढी जिम्मेवार र जवाफदेही बन्नु पर्दछ ।

| रा १ ब ३६०(मोटरसाइकल) | रा १ क ७७३(व्याक्हो लोडर) | जम्मा रु. |
|---|---|---|
| हाल सम्मको बक्यौता र जरिवाना रु.२६५००।-+२४००।-=२८९००।- | हाल सम्मको बक्यौता र जरिवाना तथा दर्ता नवीकरणजरिवाना रु.२००००० रु. ४०००० + ३५०० = **रु.**२,४३५००।- | २७२४००।- |

१३ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य गराउन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ।पालिकाले यो वर्ष देहाय बमोजिमको वृत चित्र निर्माण, डिजिटल प्रोफाइल निर्माण लगायतका कार्य विभिन्न परामर्शदाताबाट गराई रू. २६१३५४५ भुक्तानी गरेको छ।पालिकाले यस्तो अध्ययन गराउदा कार्यालयमा उपलब्ध जनशक्तिबाट गराउनेतर्फ प्रयत्न गरेको देखिएन।पालिकाले विभिन्न तीन परामर्शदाताबाट प्रस्ताव माग गरी सो मध्ये न्यूनतम लागतको प्रस्ताव स्वीकृत गरी विनियोजित बजेटकै हाराहारीमा रकम खर्च गरेको छ। पालिकाले आफ्नै जनशक्तिबाट सम्पन्न गर्नसक्ने कार्य समेत परामर्शदाताबाट गराउँदा परामर्शदाताको योग्यता, क्षमता तथा विज्ञता स्पष्ट गरेको छैन भने यस प्रकारको खर्चले पालिकालाई अतिरिक्त व्ययभार परेको छ ।अतः पालिकाले यस प्रकारको कार्य गराउँदा सम्भव भए सम्म कार्यालयकै जनशक्तिको अधिकतम प्रयोग गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ ।साथै सोको संस्थागत सम्झनाको निम्ति अनिवार्य रूपमा जिन्सी दाखिला गरी वेवसाइटमा समेत सार्वजनिक गर्नुपर्दछ ।

| क्र सं | कामको विवरण | आपुर्तक | रकम |
|---|---|---|---|
| १ | गाउँपालिकाको वृत चित्र निर्माण | स्काई ल्याण्ड मल्टिमिडिया प्रा लि | ४००००० |
| २ | माण्डवी गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण | कोडोरेन वेव डेभलवमेन्ट सेन्टर | १४७६३४५ |
| ३ | लागुपद्धार्थ नियन्त्रण सम्बन्धी सचेतनामुलक कार्यक्रम | मधुवन मिडिया इन्टरनेशनल प्रा.लि | ४९७२०० |
| ४ | लोकसेवा कक्षा सञ्चालन | बिज्हब आई .टी सर्भिस प्रा. लि | २४०००० |
| **जम्मा** | | | **२६१३५४५** |

१४ **बैठक भत्ता**

माण्डवी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ को परिच्छेद २ (४) बैठक खर्च सम्बन्धी व्यवस्थाको (ग) मा एक व्यक्तिले एक दिनमा बढीमा दुई वटा बैठकको मात्र बैठक भत्ता उपलब्ध गराईने भन्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारको पदाधिकारीहरूलाई एक दिनमा २ भन्दा बढी बैठक भत्ता भुक्तानी दिएकोले उक्त भुक्तानी रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| क्र.सं. | नामथर | बैठक संख्या | बैठक भत्ता दर | कुल रकम | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| १ | चुमान सिंह गिरी | १ | १००० | १००० | ८५० |
| २ | विदुशा आचार्य | १ | १००० | १००० | ८५० |
| **जम्मा** | | **२** | **१०००** | **२०००** | **१७००** |

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,९५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-९-१३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-९-१३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०० |

१५ **यन्त्र उपकरण सञ्चालन (रजे.सि.बि/फोहोर उठाउने ट्यकटर र एम्बुलेन्स)**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १. | जे.सि.वि<br>(शुल्क लिएर काम नगरेको) | ८३२८३० | १४५३३२ | ३९०६४७ | ८३२६३० | १३६८८०९ | (५३६१७९) |
| २. | फोहोर उठाउने ट्याक्टर | २०६५५० | २६०००० | ७८४७९ | १५२००० | ५४५०२९ | (३९३०२९) |

१६ **पदाधिकारी सुविधा**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।

लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु १६ लाख ८ हजार, टेलिफोन तथा मोवाइल रु.९ लाख ५४ हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.८ लाख ७६ हजार, समन्वय र सहजिकरणमा १५ लाख १२ हजार अतिथि सत्कारमा रु. ३ लाख ७२ हजार, खानेपानी तथा मर्मतमा रु. ४ लाख ८० हजार र चाड पर्व खर्चमा रु २ लाख ६२ हजार गरी जम्मा रु.६०६४०००।-खर्च भुक्तानी गरेको देखियो ।

**(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१७ **हस्ताक्षर बेगरका विजकः**

सार्वजनि खरिद ऐन, २०६३ तथा नियमावली २०६४ अनुसार सार्वजिक निकायले आर्थिक कारोवार गर्दा पान दर्ता तथा मु.अ.कर दर्तावाल संग कारोवार गर्नु पर्ने उल्लेख छ । बिजक जारी गर्दा जारी गर्नेको हस्ताक्षर अनिवार्य हुनु पर्दछ । यस माण्डवी गाँउपालिकामा निम्न आयोजना तथा खरिद कार्यमा विक्रेताको हस्ताक्षर विनाका विजकको आधारमा समेत भुक्तानी भएको देखिन्छ पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

| **खरिद कार्य** | **सप्लायर्स/फर्म** | **बिजक नम्वर** | **बिजकमा जारी रकम** |
|---|---|---|---|
| जस्पुर बजारमा CCTVतथा फ्री वाइफाइ जोन | वि.एस इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक सरुमारानी-२ | ५० | ४५४२६।- |
| मार्सिवाङ कृष्ण मन्दिर संरक्षण योजना | लक्की अर्डर एण्ड सप्लायर्स माण्डवी-३ | ५५ | ७६६७१।- |
| चारपोखरी तारजाली निर्माण योजना | लक्की अर्डर एण्ड सप्लायर्स माण्डवी-३ | ४१ | ३२५४४।- |
| नयाँगाउँ वडा कार्यालय देखि उदरयपुरकोट हुदै स्वर्गद्वारी जोड्ने सडक | प्रोक्सिमा निर्माण सेवा स्वर्गद्धारी | १०६ | ५०००।- |
| गणेश प्रा. वि शौचालय निर्माण योजना | पि डि मल्टिविजनेश प्रा.लि | ६० | २८०००।- |

१८ **लागत स्टिमेटमा लमसम/एकमुष्टः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावलीमा निर्माण तथा मालसामान खरिद गर्दा सो खरिदको लागि लाग्ने लागतको लागत स्टिमेट तयार गरी सोही आधारमा खरिद गर्नु पर्ने उल्लेख छ । यस माण्डवी गाँउपालिकाको वडा कार्यालय तारवार गेट निर्माण माण्डवी-१ मा रु.२०००००।-विनियोजन भएकोमा प्राविधिक लागत स्टिमेटमा Iron door को कति लम्बाइ,कति चौडाइ, कति उचाइ,कति मोटाइ, कति के.जि को हुनुपर्ने केही उल्लेख नगरी लमसममा रु ४२०००।-राखि लागत अनुमान तयार गरी सोही आधारमा कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी भुक्तानी भएको देखियो । यसरी लमसममा राखी कार्यगर्दा संरचना निर्माणमा के कति परीमाणमा गेटको भाग कट्टा गर्ने हो यकिन नहुने हुँदा यसरी भुक्तानी दिएको रकम नियम संगत देखिएन, रु.

| | |
|---|---|
| अनियमित भएको | ४२,००० |

१९ **गाँउपालिकाको पार्किङ स्थल र आवास निर्माणः**

सार्वजनिक खरिद ऐन २०६३ को तथा नियमावली, नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन सम्वन्धी व्यवस्था छ । पालिकाले गाउपालिकाको पार्किङ्ग स्थल र आवास निर्माणको लागि रु.१९९७३३७।६१ को लागत अनुमान बनाइ विद्युतीय प्रणालीबाट खुलाइएको ठेक्कामा रु.१३८९५३०।६६ मा माडी झिमरुक निर्माण सेवा माण्डवी-३ सँग सम्झौता र कार्यादिश दिएको पाइयो । ठेक्का सकार गर्दा वचत रकमबाट steel reinforcement लगायतको कार्य थप गर्ने जनाई कार्यपालिकाको २०८०।१२।१४ को निर्णय वमोजिम सोही निर्माण सेवालाइ पहिले कवोल गरेकै अङ्कमा पुनः काम दिएको छ । पालिकाले निर्माण व्यवसायीबाट नयाँ कार्य गराउँदा बैङ्क ग्यारेन्टी थप समेत गरेको नदेखिएकोमा गो.भौ.६२ ।२०८०।०१।१० बाट रु.१९९८०३२।६७ भुक्तानी दिएको छ । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

२० **सामाजिक सुरक्षा**

२०.१ सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.६७७३१७७५ खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

२०.२ **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी

प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

२०.३ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइन ।

२०.४ **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

## २१ राष्ट्रिय शिक्षा नीतिको पालना

२१.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् :-

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

२१.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए/नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

२१.३ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

२२ **विद्यार्थि मूल्याङ्कन तथा ग्रेड निर्धारण**

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणिकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ तयार गरी लागु गरेकोमा विद्यालय शिक्षाको उपलव्धीलई विभिन्न ८ प्रकारमा स्तरीकृत गरेको छ । सो निर्देशिका अनुसार ३५ प्रतिशत भन्दा कम उपलव्धी हाँसिल गरेको विद्यार्थीलाई स्तरीकरण गर्न नमिल्ने उल्लेख छ । पालिकासँग शैक्षिक सत्र २०80 को कक्षा ८ को परीक्षाको प्रतिफल माग गरी परीक्षण गर्दा देहाय अनुसार ३०१५ विद्यार्थी मध्ये देहायका विद्यार्थीहरूलाई मात्र ग्रेड बृद्धि गरेको र अन्य विद्यार्थीहरुलाई ग्रेड बृद्धि नगरी सोहि कक्षामा राखेको देखियो । यसरी हेर्दा कक्षा ८ को औषतमा ८.१४% विद्यार्थीको परीक्षाको प्रतिफल निरासाजनक रहेको देखियो भने अन्य कक्षाको समेत उल्लेख्य नतिजा देखिएन । पालिकाले मातहतका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमको साथै पठनपाठनमा विशेष पहल गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्र.स | बिषय | सहभागी | A+ | A | B+ | B | C+ | C | D | NG | NG % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ४१२ | १ | २८ | १०१ | १७९ | ८३ | ६ | ० | १४ | ३.४० |
| २ | अङ्ग्रेजी | ४१२ | २ | १० | ४६ | १५५ | १५६ | १४ | ० | २९ | ७.०४ |
| ३ | गणित | ४१२ | ५ | ११ | ३३ | ११४ | १३८ | १७ | ० | ९४ | २२.८२ |
| ४ | सामाजिक अध्ययन | ४१२ | ० | ३ | ४५ | १७० | १४२ | १४ | ० | ३८ | ९.२२ |
| ५ | बिज्ञान तथा वाताबरण | ४१२ | ३ | १६ | ५४ | ११२ | १६५ | १८ | ० | ४४ | १०.६८ |
| ६ | स्स्थ्य तथा शारिरिक | ४१२ | ७ | ४० | १४४ | १४४ | ६५ | ५ | ० | ७ | १.७० |
| ७ | हाम्रो माण्डवी हाम्रो गौरव | ४१२ | ७ | ६४ | १४१ | १२९ | ५४ | ८ | ० | ९ | २.१८ |
| **जम्मा** | | **४१२** | **२५** | **१७२** | **५६४** | **१००३** | **८०३** | **८२** | **०** | **२३५** | **८.१४** |

२३ **दिवा खाजा**

२३.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभिन्न २६ वटा विद्यालयहरुमा गरी जम्मा रु.३८०१७३५।-विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई चौमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन समेत गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।सो सम्बन्धि अन्य व्यहोरा देहाय बमोजिम रहेका छन् :-

२३.२ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यार्थीको संख्यात्मक विवरण विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित नगराई केवल प्रधानाध्यापकको मागको आधारमा निकासा दिने गरेको पाईयो । पालिकाले विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई त्रैमासिक किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिने तथा सोको सदुपयोग सम्वन्धमा समेत पालिकाले ध्यान दिनु पर्दछ ।

२३.३ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

२३.४ कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार पालिकाले विद्यालयहरुले पेश गरेको विद्यार्थीको हाजिरी र पालिकामा अद्यावधिक विद्यार्थीको तथ्याङ्कको आधारमा चौमासिक रुपमा दिवा खाजाको रकम भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले विद्यार्थीको हाजिरी र पालिकामा अद्यावधिक विद्यार्थीको तथ्याङ्क भन्दा बढी देहायको विद्यालयहरुलाई निकासा दिएको पाईयो । अतः उक्त रकम असूल गरी दाखिला हुनुपर्ने रु.

| **विद्यालय** | **IEMIS भन्दा बढी विधार्थी** | **हाजिरी** | **दर** | **रकम** |
|---|---|---|---|---|
| यज्ञश्वरी आ वि सल्लिखर्क | ९ | ४३ | १५ | ५८०५।- |
| गणेश प्रा वि तिराम | १७ | ४० | १५ | १०२००।- |
| | | | **जम्मा** | **१६००५।-** |

| असुल गर्नुपर्ने | १६,००५ |
|---|---|

## २४ शिक्षक दरबन्दी र पदपूर्ती

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालयहरुमा १११ जना शिक्षक दरवन्दी रहेकोमा दरवन्दि अनुसारको पदपूर्ति रहेको देखियो । त्यस्तै पालिकाले गत विगतबाट नै निजी स्रोतमा कार्यरत शिक्षकलाई पुनःपालिकबाट व्यहोर्ने गरी विभिन्न विद्यालयमा ४७ जना शिक्षक नियुक्त गरेको छ । पालिका अन्तर्गतका विद्यालयहरुमा कूल ४५०० जना विद्यार्थीको संख्या रहेकोमा प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:२८ देखिन्छ । यसरि विद्यार्थीहरुको संख्या नगण्य रहेको अवस्थामा समेत पालिकाले पुनः समानिकरण वजेटबाट निजि शिक्षकको लागि समेत अनुदान दिने गरेको पाईयो । पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थी संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जान आवश्यक देखिन्छ।

२५ **बालविकास कर्मचारी वितरण**

पालिकाकाले कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ अनुसार विद्यालयको विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । देहायका विद्यालयहरुमा वालविकासमा उल्लेख्य विद्यार्थी संख्या नरहेको अवस्थामा समेत वालविकास कर्मचारी संख्या बढि वितरण गरेको र पारीश्रमिक भुक्तानी समेत भएको छ।यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र देहाय अनुसारको विद्यार्थी कम भएकोमा बढि हुने अवस्था देखियो । अतः आवश्यकता र विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ ।

| सि.नं | विद्यालय | संघिय वा.वि.शिक्षक | पालिका अनुदान | वालविकास विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | बालज्योतीप्राथमिक विद्यालय खुक्लिचौर | १ | | ८ |
| २ | लोकभक्तप्राथमिक विद्यालय सिमलचौर | १ | | ६ |
| ३ | परमेश्वरीप्राथमिक विद्यालय सल्लिकोट | १ | | १० |
| ४ | अधारप्राथमिक विद्यालय धनचौर | १ | | ९ |
| ५ | ऐश्वर्यप्राथमिक विद्यालय डाँडाकटेरी | १ | | १९ |
| ६ | अरुणाभवानेश्वरी प्राथमिक विद्यालय कुमालटार | २ | | २७ |
| ७ | बागिश्वरीमाध्यमिक विद्यालय तिग्रा | २ | | २६ |
| ८ | भवनीश्वरीआधारभूत विद्यालय जस्पुर | २ | | ११ |
| ११ | गणेशमाध्यमिक विद्यालय तिराम | २ | | ४९ |
| १२ | जनज्योति प्राथमिकविद्यालय धनचौर | ० | १ | १६ |
| १३ | ज्योतिप्राथमिक विद्यालय चकचके | १ | | १० |
| १४ | कामाक्षीमाध्यमिक विद्यालय उदयपुरकोट | २ | | ३५ |
| १५ | खड्गप्राथमिक विद्यालय चिन | १ | | ५ |
| १६ | कृष्णआधारभूत विद्यालय मार्सिवङ्ग | २ | | २४ |
| १८ | नेपालराष्ट्रिय प्राथमिक विद्यालय ढाँड | १ | १ | ३१ |
| १९ | नेपालराष्ट्रिय प्राथमिक विद्यालय मर्कावाङ | २ | | २४ |
| २४ | सुन्नानीआधार माध्यमिक विद्यालय रातापानी | २ | | २७ |

२६ **निजि शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत कार्यक्रम भित्रमात्र सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दि तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थी संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार कक्षा ६-८ तथा कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै वजेट

व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थी संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययीता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत शिक्षकलाई प्रा.वि.तर्फ १६ जनालाई मासिक रु.१७८२५।-का दरले, नि.मा.वि. तर्फ २४ जनालाई मासिक रु.१९५५०।-का दरले र मा.वि तर्फ ७ जना शिक्षकलाई मासिक रु.२६४५०।-का दरले गरी बार्षिक रु.११६९९६२३।-तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । यसरी पालिकाले कार्यक्रम कार्यान्वियन निर्देशिका तथा शिक्षा ऐनमा तोकिएको प्रकृया नगरी स्वीकृत दरबन्दि भित्र नपरेका तथा शिक्षक विद्यार्थी अनुपात वेगर र दरवन्दि मिलान वेगर न्युन विद्यार्थी रहेको विद्यालयहरुमा समेत अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १,१६,९९,६२३ |

२७ **औषधी खरीद**

२७.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष खरिद गर्ने औषधीको लागत अनुमान वनाउँदा गत आर्थिक बर्षको खरिद मूल्यलाई आधार बनाई लागत अनुमान वनाएको बताएको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः-

२७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकालाई संघिय वजेटबाट रु.११८७०००।-तथा पालिका वजेटबाट रु.२००००००।-गरी रु.३१८७०००।-बार्षिक वजेट बनाएको छ । पालिकाले बर्षभरिलाई आवश्यक औषधीको पूर्वानुमान गरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा लागत अनुमान समेत नबनाई देहायअनुसार दरभाउपत्रको माध्यमबाट खरिद गरी रु.२९३६९३३।-भुक्तानी गरेको छ । यसरी खरिद गर्दा प्रतिस्पर्धा कम हुने र गुणस्तर तथा मितव्ययी समेत नहुने भएकोले यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| सि.नं. | गो.भौ.नं | आपुर्तिकर्ता | खरिद विवरण | रुकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/०८०/०६/२९ | पाथिभरा मेडिसिन एण्ड सप्लायर्स | औषधि | १७५००४१।८० | लागत अनुमान तयार नगरि ३ वटा फर्मलाई दर रेट पेश गर्न लगाएको पाईयो । |
| २ | ३८४/२०८१।१।३ | मल्लरानी मेडिको फर्मा प्युठान-४ | औषधि | ११८६८९२।- | लागत अनुमान तयार नगरि ३ वटा फर्मलाई दर रेट पेश गर्न लगाएको पाईयो । |
| **जम्मा** | | | | **२९३६९३३।८०** | |

| | |
|---|---|
| अनियमित भएको | २९,३६,९३३.८ |

२७.३ **अन्य व्यहोरा:-**

- खरिद गरेका उक्त औषधि कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

- आपूर्ती हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ती भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।
- औषधी भण्डारण गर्दा सामानको व्याच र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।
- औषधी निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।
- औषधीको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधी सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधी, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधी खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधीको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धी हुने नसकेको ।
- स्टोरमा औषधी भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषधी रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधीको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ ।

  तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## २८ तलबी प्रतिवेदन

स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार कार्यरत स्थायी कर्मचारीको सम्वन्धमा तलवी प्रतिवेदन पारित गरेर मात्रै तलव भत्ता लेख्नुपर्ने व्यवस्था छ । पालिकामा विभिन्न पाँच स्वास्थ्य संस्थामा विभिन्न पदमा स्विकृत दरवन्दि २७ जना कर्मचारी रहेकोमा सो वाहेक करारमा समेत कार्यरत रहेको अवस्था छ । पालिकाले सो अनुसार कार्यरत कर्मचारीको तलव भत्ता लगायतको सुविधा खर्च लेख्दा तलवी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नुपर्नेमा यस बर्ष तलवी प्रतिवेदन पारित नगरी १८९७९०२८।९ खर्च गरेको छ । जसले गर्दा स्थायी कर्मचारी मध्ये कुन कुन कर्मचारी दरवन्दि भित्रको हो र निजले कति ग्रेड वरावरको सुविधा उपभोग गर्ने हो सो सम्वन्धमा यकिन गर्नसक्ने अवस्था देखिएन । पालिकाले तलवी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ ।

## २९ सञ्चालन नभएका कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष प्राप्त सशर्त वजेट मध्ये देहाय लगायतको कार्यक्रमहरु नगरी वजेट रकम फ्रिज गरेको छ । बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलव्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ | लघु उद्यम विकास पुनर्ताजगी र एडभान्स सीप विकास तालिम | २३०००००।- |
| २ | आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १६४००००।- |
| ३ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ७१०००००।- |
| ४ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | १८८००००।- |
| ५ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | १४०००००।- |
| ६ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | २५०००००।- |
| ७ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | १००००००।- |
| ८ | पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | १५०००००।- |
| ९ | पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान | ६००००००।- |
| १० | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ६१८००००।- |
| ११ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ७००२११।- |

## ३० कार्यक्रम बाहिरको खर्च

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४११,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ३१ डि. पी. आर खर्च

पालिकाले बजेटको व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र विस्तृत गुरुयोजना डीपी आर लगाएतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस माण्डवी गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्य परामर्शदाता बाट गराइ प्रतिवेदन प्राप्त गरेको छ ।

| क्र स | कार्यक्रमको नाम | फर्म | रकम |
|---|---|---|---|
| १ | चकचके एकचोटे कालिखोला जोड्ने मोटर बाटो | पिएस इन्जिनियरिङ्ग सर्भिस एण्ड कन्सट्रक्सन प्राली सुर्खेत | ४९३५६२।- |
| २ | भेडावारी उदयपुरकोट लिफ्ट खा पा निर्माण योजनाको DPR | सिभिल क्रियशन नेपाल प्रा.लि कपिलवस्तु | ४७०१४०।- |

डिपी आर तयार गरेका योजनाहरु पालिकाले कार्यान्वियन गरेपनि पालिकाको जनशक्ति डिपीआर तयार गर्न सक्ने नसक्ने सम्बन्धमा पालिकाले स्पस्ट खुलाउनु पर्ने तथा पालिकाको जनशक्तिले गर्न नसकेमा मात्र सेवा परामर्शबाट गराउनु पर्दछ ।

## ३२ परामर्श दाताबाट खरिद

सार्वजनिक खरिद ऐन,२०६३ को दफा २९ (क)मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । यस माण्डवी गाउँपालिकाले आ.व २०८०/०८१ मा निम्न बमोजिमका परामर्शदाता सेवा लिएकोमा आफ्नो जनशक्तिबाट हुन नसक्ने विषय खुलाएको पाइएन । अतःआफ्नै जनशक्तिबाट हुन सक्ने कार्यमा परामर्श सेवा लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र स | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | कार्यक्रम/योजना |
|---|---|---|---|---|
| १ | समाजसेवा तथा वातावरणर सस्कृति संरक्षण समुह | ४९७००० | ४९७००० | पञ्चेबाजा तालिम |
| २. | सेभेन कलर्स पल्टिप्रपोज कन्सल्टेन्सी प्रालि | ९६९२६२ | ९६९२६२ | जग्गा वर्गीकरण |
| ३. | वेव डेभलवमेन्ट सेन्टर काठमाण्डौ | १४७६३४५ | १४७६३४५ | गाँउपालिकाको डिजिटल प्रोफाइल |
| ४ | मधुवन मिडिया प्रालि | ४९७२०० | ४९७२०० | लागुपदार्थ धुम्रपान मध्यपान नियन्त्रण सम्बन्धी सचेतना मुलक कार्यक्रम |
| ५ | स्काई ल्याण्ड मल्टिमिडिया प्रा.लि. प्यू.न.पा-४ | ४००००० | ४००००० | गाँउपालिकाको वृत्त चित्र निर्माण |

## ३३ मर्कवाङ्ग कृषि स्मार्ट गाउँ कार्यक्रम

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । नियमावली को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन , विल, भरपाइ, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । अतः कामको कुनै आइटममा कति इकाइ कार्यको लागि के कति सामानको खपत हुन्छ सोहि नर्म्स अनुसारको लागत अनुमान तथा भुक्तानी समेत हुनुपर्नेमा पालिकाले सो एकिन नगरी कम सामान खरिदको आधारमा विल विजक राखि मर्कवाङ्ग कृषि स्मार्ट गाउँ कार्यक्रममा गो.भौ.१४।०८१।३।२१ बाट रु.१३६१०००।-खर्च लेखेको पाइयो । ईन्जिनियरिङ्ग नम्स अनुसार कामको परिमाण र खर्च प्रमाणित गर्ने विल भर्पाइ वीच सामञ्जस्यता हुनुपर्दछ । कृषकले सम्झौता अनुसार प्रविधि स्मार्ट कार्यक्रम अन्तर्गत २३ वटा खोर निर्माणको कार्यक्रम रहेकोमा सोको लागि नर्म्स अनुसार रु.२२४०००।–को गिट्टी लाग्ने देखिन्छ । तर कृषकले रु.१२४८००।–को मात्र खरिद गरेको आधारमा रु.९८०२२६।–को मूल्याङ्कन भई कृषकलाई भुक्तानी भएको छ । यसरी कम विलको खरीद आधारमा बढी मूल्याङ्कन भएको रकम रु.१०१३५८।-मा कृषकको योगदान कट्टा गरी हुने रकम रु.४२१२४८।-सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,१२४ |

## ३४ पकेट विकास

३४.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना¸ परियोजना कार्यान्वियन म्यानुअल¸ २०७७ को परिच्छेद-४ को ४.१.४ मा पकेट विकास कार्यक्रममा सहभागी हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । त्यस्तै पकेट निरन्तरताको लागि गतवर्ष पकेट कार्यक्रम प्राप्त गरेका कृषक समुहहरूलाई सूचना जारी गरी प्राप्त प्रस्ताव तथा निवेदनको आधारमा एवं गत बर्षको उपलव्धी र स्रोतको सदुपयोग समेतको आधारमा सम्झौता गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्षको विनियोजित वजेट अनुसार आ.व.२०७९।८० मा स्थापना भएको च्याउ खेतीको लागि एक कार्यक्रम तथा तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरताको लागि गरी जम्मा रु.११०००००।-विनियोजन भएको पाईयो । पालिकाले सम्झौताको लागि कृषकहरूलाई सूचना आव्हान गरेको भएतापनि गत विगतको उपलव्धी र स्रोतको सदुपयोग समेतको आधारमा निर्णय गरेको देखिएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

३४.२ पालिकाले समुहले सम्झौता वमोजिमको कार्य सम्पन्न गरेको जनाई पेश गरेको कागजात अनुसार गो.भौ.३७८।०८१।१।२७ बाट माईकादेवी तरकारी उत्पादन तथा कृषक समुहलाई रु.४४८६००।–भुक्तानी तथा गो.भौ.६२८,०८१।३।२० बाट शान्तीचौर कृषि तथा

पशुपन्छि समुहलाई रु.४९८०००।-भुक्तानी दिएकोमा विभिन्न सामाग्रीहरू खरिद गरेको जनाई विल भरपाई पेश गरेको छ । तर सो समुहले प्रस्तावनामा तथा वितरण कार्य गर्दा समेत सो खरिद सामाग्री क-कसलाई यस बर्ष वितरण गर्ने र क-कसलाई आगामी बर्षको निरन्तरता बजेटबाट दिने हो सो सम्वन्धमा निर्णय गर्ने गरेको छैन । पालिकाले तरकारी खेति लगायतको कार्यको लागि समयमा नै सम्झौता गराई अनुदान रकम निकासा दिनुपर्नेमा अनुकूल सिजनमा कार्य गरे गराएको देखिएन सो तर्फ सरोकार पक्ष सजग हुनुपर्ने देखिन्छ। साथै पालिकाले अनुदान रकमको सहि सदुपयोग र समुह भित्रको पारदर्शिता सम्वन्धमा समेत अनुगमन गर्नुपर्ने देखिन्छ ।

३५ **फरक खर्च शीर्षकबाट भुक्तानीः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि देहाय अनुसारको रकम भुक्तानी गरेको देखिन्छ । साथै संघीय सरकार सशर्त चालु तर्फ हस्तान्तरित कार्यक्रममा आएको अनुदान रकम जुन खर्च शीर्षकमा आएको हो सोही खर्च शीर्षकमा खर्च गर्नुपर्नेमा फरक खर्च शिर्षकबाट गरेको खर्च नियमसम्मत नदेखिएको, रु.

| **गो.भौ** | **खर्च शिर्षक** | **खर्च भएको** | **रकम रु.** |
|---|---|---|---|
| ३०१।२०८०।०६।३० | स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र कर्मचारीकहरुको स्वीकृत दरवन्दी अनुसारको तलब महंगी भत्ता र पोशाक | दीर्घ रोगीहरुलाइ सहयोग | १३५००० |
| ३४४।२०८०।११।१३ | स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र कर्मचारीकहरुको स्वीकृत दरवन्दी अनुसारको तलब महंगी भत्ता र पोशाक | दीर्घ रोगीहरुलाइ सहयोग | १७५००० |
| ३९४।२०८१।०२।०६ | स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र कर्मचारीकहरुको स्वीकृत दरवन्दी अनुसारको तलब महंगी भत्ता र पोशाक | ओ.पि.डि टिकट छपाइ | ९६६१५ |
| ४१६। २०८१।०३।०५ | स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र कर्मचारीकहरुको स्वीकृत दरवन्दी अनुसारको तलब महंगी भत्ता र पोशाक | दीर्घ रोगीहरुलाइ सहयोग | १९६५०० |
| ४३८ ।२०८१।३।१४ | स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र कर्मचारीकहरुको स्वीकृत दरवन्दी अनुसारको तलब महंगी भत्ता र पोशाक | बाल स्वास्थ्य पुस्तिका छपाई | ९०४०० |
| “ | स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र कर्मचारीकहरुको स्वीकृत दरवन्दी अनुसारको तलब महंगी भत्ता र पोशाक | आमा सुरक्षा | १०२००० |
| “ | स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र कर्मचारीकहरुको स्वीकृत दरवन्दी अनुसारको तलब महंगी भत्ता र पोशाक | खोप क्लिनिक तथा गाँउघर क्लिनिक | २२००५० |
| | | **जम्मा** | **१०१५५६५।-** |

| | |
|---|---|
| अनियमित भएको | १०,१५,५६५ |

३६ **युवामैत्री कार्यक्रमः**

आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले युवामैत्री स्थानीय शासनका लागि युवा मुद्दामा बहस पैरवी १ दिने कार्यक्रम र सो कार्यक्रमा प्रशिक्षण गरेवापत प्रशिक्षकलाइ ४ सेसनको प्रशिक्षक भत्ता गो.भौ ४२३।०८१।३।७ बाट भुक्तानी भएको देखिन्छ । तर सोही कार्यक्रममा र युवा स्वयम् सेवक विकास र परिचालन कार्यक्रम को २ दिनको ८ सेसनको प्रशिक्षक भत्ता प्रदान गरेको पाइयो । प्रशिक्षक भत्ता प्रदान गरेतापनि सहजकर्ता भत्ता भनी दैनिक रु.१२०००।-का दरले तुल्सीराम न्योपानेलाइ संझौता गराइ तीन दिनको रु.३६०००।-प्रदान गरेको पाइयो । कार्यक्रममा सेसन भत्ता प्रदान गरी पुन सहजकर्ता भत्ता प्रदान गर्ने कार्य बजेट सक्ने मनसायले भएको देखिएकोले रु.३६०००।-को १५ प्रतिशत कट्टागरी रु.३०६००।-अशुल गर्नु पर्ने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,६०० |

३७ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराइने अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ । तर पालिकाले देहायअनुसार कृषि,पशु,समान खरिद सहकारी सस्थालाई वीउपुजी तथा अनुदानमा देहाय अनुसार अनुदान खर्च लेखेको छ । यस्तो खर्च रकमको प्रभावकारीता सम्वन्धमा समेत अनुगमन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र स | अनुदान कार्यक्रको नाम | बजेट स्रोत | संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | कृषि समुह तथा सहकारीलाइ कृषि औजार | पालिका र कृषि समुह तथा सहकारी वीचको लागत साझेदारीमा | विभिन्न ९ किसिमका ८५ वटा औजार | ३३८६२६६ |
| २ | बाख्रा तथा भैसी प्रवर्द्धन कार्यक्रम | कृषक तथा कृषि समुह वीच लागत साझेदारीमा | ५ वटा उन्नत नस्लको लागि राँगा तथा १० वटा बोका | ७९०००० |
| ३ | खाद्यन्न बालीको बीउ वितरण तथा संरक्षण | कृषक संग लागत साझेदार | धानको ८३५ के.जि मकैको ३०९० के.जि कोदोको के.जि | ४८८५५५ |

पालिकाले वितरण गरेको अनुदानको सही सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको देखिएन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ,प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान ग्राहीको जीवनमा सुधार आएको एकीन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ ।

३८ **संघिय समपुरकः**

३८.१ अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष संघीय समपुरक वजेट अन्तर्गत चकचके एकचोटे कालीखोला जोड्ने मोटरबाटो नयाँ सडक आयोजना लागि रु.१३००१०००।-वजेट व्यवस्था भई निकासा भएको पाईयो । पालिकाले सो कार्यको लागि रु.५००००००००।-को लागत अनुमान तयार गरी स्विकृत गरेको छ । नयाँ सडकको ५.६ कि.मी तयार गर्नको लागि २०८०।९।२४ मा सूचना आव्हान गरेकोमा प्राविधिक प्रस्ताव मध्ये चार फर्मको प्रस्ताव आथिक प्रस्तावको लागि स्विकार्य भएकोले २०८०।११।२९ मा खोलेको पाईयो । सो आर्थिक प्रस्ताव मध्ये सबैभन्दा कम कवोल रु.३०८७६१५७। ८४(३४.४९%कम कवोल) फर्म ईजि लुम्विनी भृकुटी ज्वाईण्ट भेन्चरको वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग रु.३५११५०५८।३६(पि.एस.र मू.अ.कर सहित) मा २०८३।३।२० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।१२।२० सम्झौता भएको छ । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

३८.२ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकाले यस बर्ष संघीय समपुरक वजेट अन्तर्गतको उल्लेखित योजना कार्यान्वयनमा ल्याएकोमा संघीय र पालिकाबाट समान रुपमा खर्च गर्नुपर्नेमा सो अनुसारको खर्च गरेको छैन। उल्लेखित योजनाको प्रथम विल गो.भौ.१०४।०८१।२।२५ बाट रु.५४९७०७३।-तथा दोस्रो रनिङ्ग विल गो.भौ.१७७।०८१।३। २४ बाट रु.७००००००।-पेश्कि फछर्यौट तथा गो.भौ.१७७।०८१।३।२४ बाट रु.५००००००।-गरी कूल २८४८७८५५।६७ कार्य भई भुक्तानी रु.१७४९७०७३।-भएको छ । सो कार्यको हालसम्म ८१.१३ प्रतिशत भौतिक प्रगती भएकोमा वित्तिय प्रगती ४९.८२ प्रतिशत भएको छ । निर्धारीत समयावधीमा कार्यसम्पन्न गराउनेतर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

३९ **म.ले.प.फारामको प्रयोग**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन ।

- म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,
- म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,
- म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको

अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

४० **इन्धन कार्यालय प्रयोजन**

माण्डवी गाउँपालिकाले आ.व २०८०/०८१ मा कार्यालयमा भएका सवारी साधनहरुको प्रयोगमा आवश्यक पर्ने इन्धन डिजल र पेट्रोल कर्मचारीहरु तथा चालकको नाममा कुपन मार्फत प्रतिमहिना १०/१० लिटरका दरले पेट्रोल र पालिकाले संचालनमा ल्याएका व्यक्हो लोडर, ट्याक्टर तथा जीपमा आवश्यकता अनुसार डिजल प्रयोग गर्दै आएको छ पालिकाले देहायको भौचरबाट इन्धनको भुक्तानी गर्दा कार्यालय प्रयोजन बाहेक प्रयोग भएको इन्धन भनी भण्डार शाखा प्रमुखले उठाएको भुक्तानी टिप्पणी आदेश र कार्यालय प्रमुखको स्वीकृत आदेशमा देहाय अनुसारको खर्च गरेको छ । यस्तो खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।

| **भौ.नम्बर/ मिति** | **पेट्रोल लि/मुल्य** | **जम्मा मूल्य** | **डिजललि/मुल्य** | **जम्मा मुल्य** |
|---|---|---|---|---|
| ४०७-२०८०/७/२० | २६३/१६२.५४ | ४२७४८ | १६८/१३५.५४ | २२७७१ |
| ४४१-२०८०/९/२३ | १८७/१५२.६५ | २८५४६ | २०५/१४५.५८ | २९८४३ |
| ४७२-२०८०/११/२ | ९५/१४७.३५ | १३९९८ | ५१५/१३८.५० | ७१३२७ |
| ४७८-२०८०/११/१० | २७५/१५०.५८ | ४१४०९ | २३५/१४०.२७ | ३२९६३ |
| ५२२-२०८१/१/१७ | १३०/१५२.६५ | १९८४४ | २९६/१४२.०४ | ४२०४३ |
| ५५९-२०८१/२/३ | १६३/१५७.९६ | २५७४७ | १७१/१४१.१५ | २४१२६ |
| ५९२-२०८१/३/५ | ११०/१४९.१२ | १६४०३ | १२४/१३५.८४ | १६८४४ |
| ७२३-२०८१/३/२४ | १९३/१४८.२३ | २८६०८ | १६३/१३९.३८ | २२७१८ |
| **जम्मा** | | **२१७३०३** | **२६२६३५** | **२१७३०३** |

४१ **फरक दरमा सिमेन्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिती मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका विभिन्न उपभोक्ता समिती मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा लागत अनुमानमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार विश्लेषण गरेकोमा उपभोक्ताले कम दरमा प्रयोग गरेको विलको आधारमा कार्यसम्पन्न बनेको पाईएकोले उक्त सिमेन्टको दरमा देहाय अनुसारको फरक भएको छ । सो रकमको उपभोक्ताको योगदान अंश कट्टा गरी हुन आउने रकम रु.१३५५७१।- देहाय अनुसारका निर्माण कार्यको समितिबाट असुल हुनु पर्ने रु.

| शीर्षक | भौनं. | निर्माणकार्य।उ.सकोनाम | लागत अनुमान दर | विलको दर | फरक | बढी |
|---|---|---|---|---|---|---|
| संघिय शसर्त | ३ र १०।०८०।९।३ | ढाँडेपाङ्गवाङ्ग झो.पु.उ.स | ९३२।२५ | ६७५।१७ | २५७।१० | ४९६१५ |
| | ४ र ७।०८०।९।३ | ज्यामुरे वालुवा झो.पुल नि.उ.स | ९३२।२५ | ५८०।- | ३५२।२५ | ८५९५६ |
| | | | | | **जम्मा** | **१३५५७१** |
| | | | | | असुल गर्नुपर्ने | १,३५,५७१ |

४२ **प्रधानमन्त्री रोजगार कर्यक्रम**

४२.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालनको लागि वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ८० जनालाई औषतमा ९६ दिनको श्रमिक ज्यालामा रु.५१४३६००।-र प्रशासनिकमा रु.१३४३४२३।- गरी जम्मा रु.६४८७०२३।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

४२.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

४२.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधारहुनु पर्दछ ।

४२.४ रोजगारी सिर्जना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्वेश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सिर्जना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४२.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४२.५ पालिकाले कार्यान्वियन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वियनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष कार्यान्वियन गरेका सोह्र वटा नै योजनाहरू वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ । पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई छनौट गर्नुपर्नेमा वेरोजगार व्यक्ति सवै वडामा नभएकोले समेट्न नसकेको जनाएको भएतापनी सवै वडाहरूलाई प्राथमिकतामा राखी योजना छनौट र कार्यान्वियन गर्नुपर्दछ ।

४२.६ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८५४,६६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२२५,७११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३ **फर्निचर खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रु. १० लाख देखि २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । तर पालिकाले फर्निचर तथा फिक्चर्स विभिन्न कार्यालय व्यवस्थापन तर्फ बार्षिक रु.३० लाखको वजेट विनियोजन गरेकोमा बार्षिक खरिद योजना अनुसार प्याकेजमा वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा कार्यपालिकाबाट फर्निचर खरिद कार्य टुक्राएर गर्ने गरी निर्णय गरेको आधारमा लागत अनुमान वेगर नै तिन पटकसम्म दरभाउपत्र माग गरी गो.भौ.९१।०८१।२।७ बाट रु.९९८७५०।- गो.भौ.११६।०८१।२।३२ बाट रु.९९९८८०।- र गो.भौ.१२४।३।१७ बाट ९९२९४८।–गरि जम्मा रु.२९९१५७८।-को खरिद गरेको पाईयो । नियमानुसार खरिद नगरी टुक्रा पारी खरिद गर्दा खरिद कार्यको प्रतिस्पर्धा नहुने र मितव्ययी तथा गुणस्तर समेत नहुनेहुँदा यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | २९,९१,५७८ |

४४ **सेनिटरी प्याड खरीद**

४४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालीकाले नियमावलीको व्यवस्था अनुसार रु.१२२८४६४।– को लागत अनुमान तयार गरी शिलवन्दिबाट सो मध्येको कम कवोल रु.४०३९३८।३६ गर्ने फर्म एन्जल टच. हाईजिन म्यानुफ्याक्चरीङ्गबाट खरिद गरेको छ । पालिकाले सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ अनुसारको स्पेशिफिकेशन २४०+-२० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mm को सेनीटरी प्याड खरिद प्रकृया गरेकोमा सो सामान प्राप्त भएको जनाई गो.भौ.५९९।०८१।३।१८ बाट रु.४५६४५०।–को प्याड एन्जल टच हाइजिन म्यानूफ्याक्चरिङ्बाट १६१६४ प्याड प्रति प्याड रु.२४।९९ का दरले खरीद गरी भुक्तानी गरेको पाईयो । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन ।

४४.२

पालिकाले नियमावली तथा कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को व्यवस्था अनुसार लागत अनुमान तयार गरी गुणस्तर सहितको सेनीटरी प्याड विद्यार्थीहरुलाई उपलव्ध गराउनुपर्ने देखिन्छ । तर पालिकाले पालिकाले खरिद गरेको उल्लेखित ९८०० सेनिटरी प्याड जिन्सी खातामा आम्दानी जनाएको छ । तर सो सामाग्री विद्यालय जिन्सी खातामा दाखिला छ, छैन सोको प्रमाण पेश भएको छैन । खरिद गरिएका प्याडहरु विद्यालयमा भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित राखे/नराखेको समेत एकीन हुन सकिएन । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गरी सम्वन्धित लक्षितवर्गले सुविधा उपभोग गरेको सम्वन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ ।

४५ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ती असूल गर्नुपर्ने उल्लेख छ । पालिकाले माण्डवी गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माणमा कोडोरेन वेव डेभलपमेन्ट सेन्टरसँग मिति २०८०।०६।०८ मा सम्झौता भई मिति २०८०।०९।०८ मा सम्पन्न गर्नुपर्नेमा सो समयमा काम सम्पन्न गरेको देखिएन। सार्वजनिक खरिद नियमावलीको नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तिमा एक्काईस दिन अगावै निवेदन दिनुपर्नेमा २०८०।०९।०५ मा मात्रै निवेदन दिएको पाईयो । यसरी म्याद थपको निवेदन समयमा नदिएको र २०८०।१२।३० मा कार्यसम्पन्न गरेको पाईएकोले निजलाई १०९ दिनको हर्जना रकम रु.८०४६०।२६ कट्टा गरी भुक्तानी दिनुपर्नेमा गो.भौ.७२१।०८१।३।२४ बाट रु.१४७६३३५।–(शत प्रतिशत) भुक्तानी दिएको पाईएकोले उक्त रकम सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,४६०.२६ |

४६ **पूजीगत प्रकृतिको खर्च चालुबाटः**

कार्यालयले कार्यालयबाट संचालन गरिने कार्यक्रम तथा आयोजनाहरुलाइ बजेट कार्यान्वियन पुस्तिका(रातो किताब)मा कुन कार्यक्रम तथा योजना चालु प्रकृतिको वा पुजिगत प्रकृतिको हो स्पष्ट हुने गरी छपाइ गरी सोही आधारमा कार्यान्वियन गर्नुपर्ने देखिन्छ । तर पालिकाले देहायको पुजिगत प्रकृतिको कार्यहरू चालु शिर्षकबाट खर्च गरेको पाइयो । अतः पालिकाले पूँजिगत बजेटमा छुट्याईएको रकमबाट मात्रै सोहि प्रकृतिको खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| **क्र.सं** | **कार्य** | **रकम** |
|---|---|---|
| १ | सरस्वती प्रा.वि भौतिक सुधार योजना- माण्डवी ४ मुकचौर | २००००० |
| २ | जनज्योति प्रा.वि भौतिक सुधार योजना- माण्डवी ४ धनचौर | १००००० |

४७ **ठूलीलेखमा पर्यटन प्रवर्द्धन कार्य निर्माणः**

४७.१ पालिकाले ठूलीलेखमा पर्यटन प्रवर्द्धन पूर्वाधार निर्माण तर्फ चिल्ड्रेन पार्क, पिकनिक स्पोर्ट, प्रतिक्षालय-३, कम्पाउण्ड वाल लागायतको कार्यको लागि २०७७।७८ मा कन्टिन्जेन्सी बाहेक रु.७८०१६२८७।०० को लागत अनुमान सहितको डिपिआर स्विकृत गरेको पाईयो । सोहि अनुसार ठेक्का नं NCB ८/७७/७८ आव्हान अनुसार रु २७३४५५६६।४० मा आँशु।मल्लरानी।पि पि जे भी संग २०७८।३।१३ मा कार्य शुरु गरी २०७९।११।३० मा सम्पन्न हुने गरी सम्झौता भएको देखिन्छ । पालिकाले यस आर्थिक बर्षमा पाँचौं रनिङ्ग विल गो.भौ.१।०८१।३।२३ बाट रु.१६०००४६।–भुक्तानी सहित हालसम्म रु.१५७१६७९९।१३ को कार्य भएकोमा भौतिक प्रगती ७० प्रतिशत भएको देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

४७.२ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी

दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् । त्यस्तै नियमावलिको तेह्रौ संशोधन अनुसार नियम १२०(क) मा नियम प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम म्याद थप भई चालु रहेका वा म्याद सकिएका वा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामाग्रीको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको लगायतको कारणबाट सम्झौताबमोजिमको अवधिभित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याइँ र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित यो नियम जारी भएको मितिले तीस दिनभित्र निवेदन दिएमा उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ। तर पालिकामा निर्माण व्यवसायीले पेश गरेको निवेदन २०८०।१२।४ मा दर्ता भएको तथा कार्य तालिका समेत पेश गरेको देखिएन । तर कार्यपालिकाको २०८०।१२।१४ को निर्णयबाट २०८१।११।३० सम्मको म्याद थप भएको देखिन्छ । यसरी कार्य तालिका वेगर म्याद थप गरेकोमा लेखापरीक्षण अवधीसम्मको कार्य प्रगती ७० प्रतिशत मात्रै देखिएको छ । यसरी खरीद नियमावली(तेह्रौ संशोधन)को स्पष्ट व्यवस्था अनुसार कार्यतालिका वेगर म्याद थप गरेको वाँकि कार्य रु.११६२८७६७।२७ को निर्माण व्यवसायीबाट कार्यसम्पन्न पेश हुनुपर्दछ ।

४८ **नमुना विद्यालयः**

४८.१ कार्यक्रम कार्यान्वियन पुस्तिकाको ८.३ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान रकम विद्यालयलाई उपलब्ध गराउदा विद्यालयसँग सम्झौता भए पश्चात प्रथम किस्ता वापत ५० प्रतिशत, स्ट्रक्चरलको कार्य सम्पन्न भएपछि दोस्रो किस्ता वापत ३० प्रतिशत र कार्यसम्पन्न गरेपछि नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम किस्ता २० प्रतिशत रकम अनुदान दिने व्यवस्था रहेको छ । भौतिक निर्माणको लागि संघीय सरकारबाट शसर्त अनुदान अन्तर्गत यस वर्ष नमुना विद्यालय श्री माण्डवी विद्यालयका लागि रु १०००००००।-विनियोजन भई आएकोमा पालिकाले विद्यालयलाई पेश्की नजनाई ठेक्काको विलको आधारमा खर्च दिने गरेको देखियो । विद्यालयले ६ कोठाको तिन तल्ले भवन निर्माणको लागि स्विकृत रकम रु.६९७६४३३।९० मा निर्माण व्यवसायीसँग गरेको सम्झौता अनुसार तथा वि.व्य.समितिले २०८०।८।१ मा गरेको भेरिएसन आदेश अनुसारको संशोधित रकम रु.८३८४७०४।८६ बरावरको कार्यसम्पन्न गरेको जनाई विद्यालयको माग अनुसार गो.भौ.६।०८०।७।२० बाट रु.१७१०७४८।-, गो.भौ.९।०८०।९।२६ बाट रु.३२९३२९२।-र तेस्रो विल गो.भौ.१५।०८१।३।६ बाट रु.३२९६१६९।-गरी कुल रु.८३००२०९।- अनुदान निकासा गरेको पाईयो । पालिकाले विद्यालयको भौतिक अनुगमन गरी भएका कार्य अनुसार निकासा दिनुपर्नेमा मागको आधारमा दिने तथा अनुगमनको प्रतिवेदन नराख्ने गरेकोले सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

४८.२ विद्यालयले विनियोजित रकमबाट वचत भएको रकमबाट पुनः शिलवन्दि दरभाउपत्रको माध्यमबाट ६८.३५ मि.को वाउण्ड्रि वाल निर्माण गरेको जनाई सोको भुक्तानी समेत माग गरेको आधारमा पालिकाले गो.भौ.२०।०८१।३।२४ बाट रु.१०९०९०३।–भुक्तानी दिएको छ । साथै यसरी दुई पटक ठेक्का र शिलवन्दी मार्फत कार्यसम्पन्न गराई भुक्तानी गरेको र बाँकी रहेको रकम समेत विभिन्न खरिद कार्य गरी कन्टिन्जेन्सी गो.भौ.२१।०८१।३।२४ बाट रु.१०२३३१।-खर्च समेत गरेको छ । ठेक्का तथा शिलवन्दी मार्फत कार्यसम्पन्न गराई वचत भएको रकम समेत पुनः विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गरी विद्यालयको मागको आधारमा पालिकाले गो.भौ.२१।०८१।३।२४ बाट रु.४७३३५२।-भुक्तानी दिएकोले खर्च गर्न मिल्ने नदेखिएको,रु

| | |
|---|---|
| अनियमित भएको | ४,७३,३५२ |

४९ **१५ शैया अस्पतालः**

पालिकालाई गैह्र आवाशिय भवन अन्तर्गत १५ शैया अस्पताल निर्माण कार्यको लागि यस बर्ष रु. ५५१४६०००।-विनियोजित भएकोमा ठेक्का नं. NCB ९/०७७/७८ बाट निर्माण व्यवसायी महादेव खिम्ती।आंशु।मल्लरानी जेभी संग २०७८।३।२७ मा मूअकर र पिएस समेत रु १७६२१६५२१।३७ तथा २०८१।३।३० सम्म सम्पन्न गर्ने गरी सम्झौता भएको पाईयो । सो कार्यको लागि यस बर्ष तेस्रो रनिङ्ग विल बापत गो.भौ. २।०८०।११।२ बाट रु.११६५००००।-,चौंथो रनिङ्ग विल गो.भौ. ९०।०८१।२।२१ बाट रु.८६१५९८७।- तथा पाँचौं रनिङ्ग विल गो.भौ.१२।०८१।३।२३ बाट रु.१३२३९५६६।-गरी हालसम्म रु १४८५४०८३८।-को भुक्तानी भएको देखिन्छ । सो निर्माण कार्यको लागि आवश्यक रकम समयमा उपलब्ध नभएको, बर्षा लगायतको कारण देखाई निर्माण व्यवसायीले म्याद थपको लागि २०८१।१।२२ मा निवेदन दिएकोमा २०८१।३।७ को कार्यपालिकाको निर्णयबाट २०८१।१२।२० सम्म थप गरेको छ । निर्माण कार्यको हालसम्म ८५ प्रतिशत भौतिक तथा ८४.२९ प्रतिशत वित्तिय प्रगती देखिएकोमा निर्माण व्यवसायीसंग अद्यावधिक कार्यतालिका पेश गर्न लगाई समयमै कार्य सम्पन्न गराउनुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

५० **खर्चमा मितव्ययिता कायम गर्नुपर्ने :**

५०.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यकता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।

५०.२ **भ्रमण खर्च** : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू.२२७९०००।-खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-

- अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिकामा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

५०.३ **इन्धन खर्च**- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/ पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.२९३८०००।-र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५०.४ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु. १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु१०२१०००।-खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै जानुपर्ने देखिन्छ ।

५०.५ **मसलन्द तथा कार्यालय सामग्री खर्चः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु.२४४००००।-तथा अन्य कार्यालय खर्च शिर्षकमा रु.४४२०००।-र अन्य कार्यालय व्यवस्थापन तथा संचालन खर्च शिर्षकमा रु.१२०००००।-गरी जम्मा रु.४०८२०००।-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

५०.६ **सवारी मर्मत र अन्य मर्मत खर्च :-** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीताको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु १९०२०००।-,एम्वुलेन्स सवारि साधन मर्मत खर्चमा रु.४८०००००।-, गरी रु.२३८२०००।-र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दनुपर्दछ ।

५०.७ **कन्टिन्जेन्सी खर्च अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम रु.१९२६१६०।- कट्टा गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। कार्यालयले पेश गरेको विवरण अनुसार कन्टिन्जेन्सी खर्च रु.१६३३१८१।-गरेकोमा कुन कुन योजनामा कति खर्च गरेको छ यकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

५१ **बालमैत्री विद्यालय निर्माणः**

वालमैत्री स्थानीय शासन घोषणा कार्यविधी, २०७९ को दफा २५ मा अनुगमन समितिले गाउँपालिका तथा नगरपालिका र वडाको वालमैत्री स्थानीय शासनको सूचक प्राप्तीको अनुगमन गर्दा अनूसूची-१४ को ढाँचामा चेकलिष्ट तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका चार विद्यालयहरूलाई बालमैत्री विद्यालय निर्माण अन्तर्गत रु ५ लाख विनियोजित रकमबाट निकासा गो.भौ.९।०८१।३।२१ बाट रु.२००००००।-दिएको छ । तर विद्यालयले खरिद गरेका खरिद सामग्रीको कार्यालयमा प्राप्त हुना साथ दाखिला गरी विद्यालयको जिन्सी किताबमा खप्ने र नखप्ने गरी आम्दानी बाध्नु पर्नेमा सो भएको गरेको देखिएन । अतः वालमैत्री स्थानिय शासन घोषणा कार्यविधी, २०७९ को दफा २५ मा उल्लेखित अनुसूची अनुसारको अनुगमन प्रतिवेदन, स्पेशिफिकेसन अनुसारको सामान प्राप्ति तथा सदुपयोगको सुनिश्चितता साथै जिन्सी किताबमा आम्दानी बाधेको कागजात पेश गर्नुपर्ने रु.

| क्र.सं | विद्यालय | खरीद सामान | रकम रु. |
|---|---|---|---|
| १ | ज्योति प्रा.वि. | स्मार्ट वोर्ड, टी.वि.र अन्य सामान | ५००००० |
| २ | भवानीश्वर आ.वि. | स्मार्ट वोर्ड, टी.वि.र अन्य सामान | ५००००० |
| ३ | रामेश्वरी प्रा.वि. | स्मार्ट वोर्ड, टी.वि.र अन्य सामान | ५००००० |
| ४ | स्वर्गद्धारी प्रा.वि. | स्मार्ट वोर्ड, टी.वि.र अन्य सामान | ५००००० |
| | | जम्मा | २००००००।- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००,००० |

५२ **सौर्य बत्ती जडानः**

५२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र अन्तर्गतका नविकरणिय उर्जा प्रविधि जडानका लागी विभिन्न नवीकरणीय उर्जा प्रविधिहरुको अधिकतम सन्दर्भ मूल्य निर्धारण गरी सोही आधारमा सौर्य बत्ती सम्बन्धित खरिद तथा जडान कार्यका लागि लागत अनुमान तथा खरिद कार्य गर्नु पर्दछ । पालिकाले संघ सशर्त कार्यक्रम अन्तर्गत नवीकरणीय उर्जा प्रविधि जडानका लागि विनियोजन भएको रु ८ लाख बजेट सूचना प्रकाशन तथा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सन्दर्भ मूल्य तथा टेक्निकल स्ट्याण्डर्ड र स्पेशिफिकेसनको आधार नलिई लागत अनुमान तयार गरेको छ । पालिकाले सो लागत अनुमान तयार गर्दा लागी यथार्थपरक लागत अनुमान तयार नगरी तथा सौर्य बत्ती तथा पार्टसको वारेन्टी खुलाउनुपर्नेमा सो समेत नखुलाई Transporation and Fitting Charge Expenses शिर्षकमा रु.४०११५।-तथा Instellation Charges शिर्षकमा रु.४६८९५।-रकम समेत थप गरी २०८१।२।१० मा स्विकृत गरेको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन ।

५२.२ पालिकाले सो विनियोजित वजेटबाट कहाँ के कार्य गर्ने हो सो सम्वन्धमा निर्णय गरेर मात्रै कार्य गर्नुपर्ने देखिन्छ । पालिकाले दरभाउपत्र मार्फत कार्य गराउँदा स्थानीयस्तरमा नै विभिन्न ३ फर्महरूबाट दरभाउपत्र माग गरी कम कवोल गर्ने फर्मसँग कार्य गर्नुपर्नेमा पालिकाले एक वटा स्थानीय फर्म तथा वाँकि काठमाण्डौको फर्महरूको दरभाउपत्र माग गरी कम कवोल गर्ने फर्म स्मार्ट सोलार प्रा.ली बाट खरिद गरेको छ । पालिकाले लागत अनुमानमा Transporation and Fitting Charge Expenses शिर्षकमा रु.४०११५।- समावेश गरेको तथा काठमाण्डौको फर्मबाट दरभाउपत्र माग गर्नुले लागत अनुमान चरणमा नै स्थानीयस्तरको फर्मबाट कार्य गराउने मनासय देखिदैन । सम्वन्धित फर्मले Transporation and Fitting Charge Expenses शिर्षकमा रु.४०११५।–तथा Instellation Charges शिर्षकमा रु.४६८९५।-सहितको सम्पूर्ण कार्य गरेको जनाई भुक्तानी माग गरेको र सोही अनुसारको गो.भौ१९।०८१।३।२३ बाट रु.७९६६२१।- भुक्तानी दिएको छ । यसरी Transporation and Fitting Charge Expenses शिर्षकमा रु.४०११५।-भुक्तानी दिएकोमा पुनः Instellation Charges शिर्षकमा रु.४६८९५।-भुक्तानी दिएकोले एउटै कार्यको लागि दोहोर खर्च देखिएको बढी रकम रु.४६८९५।- असूल हुनुपर्दछ , रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,८९५ |

५२.३ पालिकाले सौर्य उर्जा सम्वन्धी कार्य कहा कहाँ गर्ने हो निर्णय गराई सो को आधारमा लागत अनुमान तथा कार्य गर्नुपर्नेमा सो अनुसार नगरी विभिन्न पाँच स्थानमा पोल सहितको स्ट्रिट लाईट जडान, राम्दि मर्कवाङ्ग स्वास्थ्य चौकिमा तथा वडा नं ३ को कार्यालय परिसरमा व्याकअप सहितको सोलार सिस्टम जडान गरेको जनाएको छ । यसरी आवश्यकताको पहिचान तथा निर्णय विना लागत अनुमान एवं कार्य गराउँदा स्रोत साधनको सहि सदुपयोग नहुने देखिएकोले पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

५३ **कृषि मेशिनरी तथा यान्त्रीकरण वितरण कार्यक्रमः**

५३.१ पालिकाले कृषि मेशिनरी तथा यान्त्रीकरण वितरण कार्यक्रम अन्तर्गत आवश्यक ३६ वटा मिनि टिलर, थ्रेसर मेशिन-६, डिजिटल वेटिङ्ग मेशिन ५ वटा, स्प्रे ट्याङ्क-६, कम्वाईन मिल-११, फ्यान-७, रोटा भेटर-१ व्याट्री-३ तथा मिनि टेलर(सानो) -७ खरीदको लागि दुई प्याकेज वनाई खरीद गरी वितरण समेत गरेको पाईयो । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।

५३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार रु.१० लाख भन्दा वढि रु.२० लाख सम्म खरिद वा निर्माण कार्य सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्न सकिने व्यवस्था भए पनि एकमुष्ठ वजेट वा कार्यक्रम भएका आयोजनाहरुको वजेट टुक्रा पारी सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउन नमिल्ने र वोलपत्रको माध्यमवाट गराउनु पर्ने व्यवस्था छ । पालिकाले कृषक र पालिकाको ५०/५० प्रतिशत लागत साझेदारि हुने गरि दुईवटा प्याकेज वनाई २०८१।१।१३ (चौंथो त्रैमासिक) मा मात्रै सिलवन्दि दरभाउपत्रको माध्यमवाट कम कवोल फर्म राप्ति ईलेक्टिकल्ससँग प्याकेज-१ को रु.१८२६५३२।-( मू.अ.कर सहित) र प्याकेज-२ को रु.१९८०७७७।-( मू.अ.कर सहित) मा खरिद र कृषकलाई वितरण समेत गरेको छ । पालिकाले नियमानुसार प्याकेज बनाई एउटै वोलपत्रको माध्यमबाट कार्य गराउनुपर्नेमा रु.३८०७३०९।-शिलवन्दिको माध्यमबाट गराएको रकम नियमसम्मत देखिएन, रु.

| | |
|---|---|
| अनियमित भएको | ३८,०७,३०९ |

५३.३ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एक्काइसौं संशोधन) को नियम ५(१) मा अनुसूचि-१ मा उल्लेखित वस्तु सेवाको कारोवारमा कर लाग्ने छैन साथै त्यस्तो वस्तु तथा सेवाको खरिदमा पहिले लागेको कर दफा १७ वमोजिम कट्टी गर्न र दफा २४ वमोजिम फिर्ता गर्न पाईनेछैन भन्ने व्यवस्था छ । पालिकाले सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको उल्लेखित सामानहरूको E-bidding गर्दा सिस्टमले सामानको आईटमवाईज प्रविष्टि गर्दा मू.अ.कर वाहेक प्रविष्टि नहुने हुँदा पालिकाले मू.अ.कर समेतको मूल्य प्रविष्टि गरी वोलपत्रको प्रकृया थालनी गरेको र सोही अनुसार आपूर्तिकर्तालाई भुक्तानी समेत भएको छ । तर आपूर्तिकर्ताले सामान आपूर्तिसँगै विजकमा मू.अ.कर दावि गरेको नपाईएतापनि E-bidding सिस्टमको त्रुटीको कारण रु.४२२९१२।- मू.अ.कर आपूर्तिकर्तालाई भुक्तानी भएको देखिन्छ, सो सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले सिस्टममा सुधारको पहल गर्नुपर्ने देखिन्छ ।

५३.४ गाउँपालिकाले कृषक र पालिकाको ५०/५० प्रतिशत लागत साझेदारि हुने २ पटक गरि e-bid मार्फत विभिन्न मेशिन खरिद गरेको पाईएता पनि बितरण पश्चातको उपयोग र त्यसको प्रभावकारीताको सम्बन्धमा अनुगमन तथा लगत राखेको पाईएन । यसबाट अनुदानको सहि सदुपयोग हुनेमा विश्वस्त हुन नसकिने हुँदा यस प्रकारका वितरणमुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ।

५४ **आयोजनाको अनुगमनः**

स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार पालिकास्तरका आयोजनाहरूको अनुगमन उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्नुपर्ने व्यवस्था छ । पालिकामा उपाध्यक्षको अध्यक्षतामा योजनाको अनुगमन समिति रहेकोमा सो अनुगमन समितिले कुन दिनमा कुन योजनाको अनुगमन गरेको हो र सो योजनाको अवस्था कस्तो छ सो सम्वन्धि उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा एकै पटकमा धेरै वटा योजनाको अनुगमन प्रतिवेदन दिने गरेको र योजना राम्रो रहेको भन्ने तथा अधिकांश योजना अनुगमन फारममा समितिको पदाधिकारीहरूले सहि मात्रै गरेको फारम पेश गर्ने गरेको छ । अनुगमन समितिले कार्यसम्पन्न भएपश्चात अनुगमन गरी सिफारीस गरेअनुसार लेखा शाखाले भुक्तानी दिनुपर्नेमा योजनाहरुको प्राविधिक नापजाँच हुनुपूर्वको अनुगमन भएको आधारमा समेत भुक्तानी हुने गरेको देखियो । जसले गर्दा योजनाहरू सम्पन्न भए पश्चात को सहि र समयमा नै अनुगमन भएको छ भन्ने अवस्था देखिएन । यसरी अनुगमन समितिको प्राप्त प्रतिवेदनको आधारमा मात्रै योजनाको फरफारक गर्नुपर्नेमा अनुगमन समितिबाट भएको अनुगमन प्रतिवेदन हेर्दा औपचारीकताको लागि मात्रै देखियो, जसले गर्दा पालिकाबाट सम्पादित कार्यहरु यथार्थपरक छन् भन्ने अवस्था देखिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

## ५५ म्याद नाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखि एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भेडाबारी उदयपुरकोट वृहत लिफ्ट खानेपानी आयोजना कार्यक्रमको लागि महेन्द्र/बि.के.जु./दिव्यशक्ति जे.भि लाई रु. ८५५३६०।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म सुत्रमा म्याद नाघेको देखिएकोले सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ, रु.

| | |
|---|---|
| पेश्की | ८,५५,३६० |

## ५६ नर्म्स भन्दा बढी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको कार्यसम्पादन पश्चातको भुक्तानी गर्दा उपभोक्ता समितिहरूले खरिद गरेको सामाग्रीहरुको परीमाण वरावरको खपत भएको छ कि छैन सोको समेत मूल्याङ्कन गर्नुपर्नेमा प्राविधिक विलको आधारमा मात्रै भुक्तानी दिएको पाईयो । कार्यालयले उपभोक्ता समिति मार्फत सम्पन्न गरेका देहायका आयोजनामा भवन विभाग तथा सडक विभागद्धारा जारी गरीएको नर्म्स प्रयोग गरेकोमा सो नर्म्स भन्दा बढी खरिद गरी खपत गरेर कार्यसम्पन्न देखाएको पाईयो । नमूना लेखापरीक्षण गर्दा देहायका भौचरहरुबाट नर्म्स भन्दा बढीको खपत देखाएको छ जसले गर्दा खर्च रकममा बृद्धि हुने देखिन्छ । पालिकाले उक्त नर्म्स भन्दा बढीको खपत देखाएको रकममा उपभोक्ताको योगदान अंशको हुने रकम कट्टा गरी आउने रकम रु.७७६३६७।- सम्वन्धितबाट यकिन गरी असूल गर्नुपर्ने रु.

| सि.नं | गो.भौ | योजनाको नाम | नर्म्स अनुसार | | खरिद र खपत | | बढी भुक्तानी | | जम्मा बढी रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ज्यामी | सिमेण्ट | ज्यामी | सिमेण्ट | ज्यामी | सिमेण्ट | |
| १ | १२।०८१।३।२२ | कमेरेखोला वाङ्गेटार लिफ्ट खा.पा. यो. | ३२८३५४ | ११२०४६ | ४११६१० | ११८०८५ | ८३२५६ | ६०३९ | ७९६३३ |
| २ | ८१।०८१।१।२६ | डाम्डिखोला गणेश धनचौर मुर्कुटू सडक | | २२७७९५ | | १९६६२५ | | ३११७० | २७८८८ |
| ३ | १२२।०८१।३।१० | थानकोट पर्यटकियस्थल निर्माण | २६२८७२ | १२९२८० | ४०३३५० | १४६४०१ | १४०४७८ | १७१२१ | १४१६८१ |
| ४ | ७।०८१।३।२० | कालिखोला तल्लोगाउँ-उपल्लोगाउँ स.नि. | ६१७४०३ | | ८६१६०० | | २४४१९७ | | २१७५०६ |
| ५ | ८।०८१।३।२० | तिमिलेखोला-गणेश मा.वि.मोटरबाटो | ३२३४९५ | | ६६९५६१ | | ३४६०६६ | | ३०९६५९ |
| | | | | | | | | **जम्मा** | **७७६३६७।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,७६,३६७ |

## ५७ प्रदेश समपुरक

५७.१ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष प्रदेश समपुरक वजेट अन्तर्गत विभिन्न ४ वटा योजनाहरुमा रु.१००००००००।-निकासा भएकोमा रु.५२४५०००।-खर्च भएको पाईयो । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

५७.२ **उदयपुर दरवार निर्माण आयोजनाः** पालिकालाई यस बर्ष प्रदेश समपुरक वजेट अन्तर्गत उदयपुरकोट दरवार निर्माण आयोजना निर्माणको लागि रु.२५०००००।-वजेट व्यवस्था भई निकासा भएको पाईयो । पालिकाले ६ कोठाको भवन निर्माण लगायतको कार्यको लागि रु.४९९६९३६।-को लागत अनुमान तयार गरी २०८०।६।११ मा स्विकृत गरेको छ । सो कार्य गर्नको लागि २०८०।६।१३ मा ठेक्का न ०५\MRM\NCB\०८०\०८१ बाट सूचना आव्हान गरेकोमा सबैभन्दा कम कवोल रु.२८२०२४०।५०।–(३२.९५%कम कवोल) फर्म गोल अफ सक्सेस कंन्सट्रक्सन प्रा.ली.को वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग रु.३१०४९१४।९३(मू.अ.कर सहित) मा २०८१।३।१२ सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।८।२९ मा सम्झौता भएको छ । सो सम्वन्धी विवरण निम्नानुसार छ ।

५७.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२) अनुसार खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौता बमोजिमको काम सो सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम निर्माण व्यवसायीले सम्झौता अवधिमा सम्झौता अनुसारको कार्य समयमा नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ। उल्लेखित कार्यको सम्झौता अवधिसम्ममा ६१ प्रतिशत भौतिक र ५७.५६ प्रतिशत वित्तिय प्रगती भएकोमा निर्माण व्यवसायीले म्यादथपको लागि निवेदन पेश गरेको छैन । साथै पालिकाले लेखापरीक्षण अवधिसम्म म्याद थप गरेको छैन भने कार्यसम्पन्न समेत भएको अवस्था छैन । उल्लेखित योजनाको प्रथम विल गो.भौ.९९।०८१।२।१८ बाट रु.१७८७१०२।-भुक्तानी गरेको छ । सो निर्माण कार्यको जमानतको म्याद समेत समाप्त भएको देखिएकोमा पालिकाले कार्यसम्पादन जमानतको म्याद थपको पहल गरेको देखिदैन । कार्यपालिकाको २०८१।३।३१ को निर्णयबाट निज व्यवसायीलाई कार्यसम्पन्न नहुञ्जेल १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन ०.०५%का दरले हर्जना तिराउने उल्लेख भएकोमा लेखापरीक्षण अवधी(२०८१ भाद्र ११-१४ ) सम्म ६५ दिनको हुने हर्जाना रु.१४१०१२।-सहित कार्यसम्पन्न हुने अवधीभर सम्झौताको १० प्रतिशतमा नबढ्ने गरी जरीवाना असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४१,०१२ |

५७.४ रम्दि स्वास्थ्य चौकि निर्माणः पालिकाले सो कार्यको लागि रु.४२९२२३३।४७(पि.एस. र मू.अ.कर बाहेक) को लागत अनुमान तयार गरी स्विकृत गरेको छ । राम्दि स्वास्थ्य चौकि निर्माण गर्नको लागि २०८०।६।१३ मा सूचना आव्हान गरेकोमा १४ फर्मको वोलपत्र परेकोमा सबैभन्दा कम कवोल रु.२४६७७३०।४०(४२.५१%कम कवोल) फर्म आशिका निर्माण सेवाको वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग रु.२८४३५३५।३५(पि.एस.र मू.अ.कर सहित) मा २०८१।३।१२ सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।८।२६ सम्झौता भएको छ । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

५७.५ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४८,३८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५८ उपभोक्ता समितिबाट कार्य

५८.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख

गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।
कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघीय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको १०६ वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु १ करोड ७० लाख ८१ हजार भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

५८.२ **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

५८.३ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

५८.४ **समितिको गठन :-**बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितीका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितीको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितीको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितीमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितीहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितीमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

५८.५ **म्यादथपः** पालिकाले उपभोक्ता समितीसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितीसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

५८.६ **अनुगमन समिती :** उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितीले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको

देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

५८.७ **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिती वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिती मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितीको तर्फबाट बढि जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितीको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितीबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

५८.८ **आयोजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिती वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिती मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिती मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितीलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिती मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितीलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिती मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितीलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितीलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिती मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितीलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिती मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## ५९ दरभाउपत्र खरीद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले देहायका कार्यहरू गर्दा लागत अनुमान तयार गरी निर्धारित कानून अनुसार कार्यको प्रकृति अनुसार प्याकेज बनाई खरिद गर्नुपर्नेमा पटक पटक दरभाउपत्रको माध्यमबाट आर्थिक बर्षको अन्तिममा रु.४५७४६५३।-को खरीद गरेकोले खरिदमा प्रतिस्पर्धाको वातावरण समेत देखिएन । यसरी खरीद गरेको रकम नियमसम्मत नदेखिएको, रु.

| सि.नं | गो.भौ।मिति | कार्य | खरीद फर्म | खरीद कार्य | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | ११।०८१।३।२ | दमारे कार्तिके डुविनडाँडा सडक निर्माण | पदम निर्माण सेवा | निर्माण | ५७००६३ |
| २ | १६०।०८१।३।२२ | बसुन्धारा तिल्केनी मोटरबाटो निर्माण | ए.वि. कन्स्ट्रक्सन | निर्माण | ८०१६६२ |
| ३ | १६२।०८१।३।२२ | खरीबाङ बडेचौर सडक निर्माण | पावर नेपाल कन्सर्ट एण्ड कं | निर्माण | ८०५२७२ |
| ४ | ७७।०८१।१।२५ | जसपुर रीङ्गरोड निर्माण | माडी झिमरुक निर्माण सेवा | निर्माण | ९९४७०८ |
| ५ | २०८१।३।१९ | मर्सिबाङ्ग बट्टार हुदै लामाचौर शिब मन्दिर मोटरबाटो | एन्जल निर्माण सेवा प्रा.लि. | निर्माण | ४३२०१२ |
| ६ | ९६।०८१।२।१५ | स्याउलीघारी सल्लीखर्क सिरुबारी सडक निर्माण | रोयलकृष्ण कन्स्ट्रक्सन एण्ड सप्लायर्स | निर्माण | ९८८९३६ |
| | | | | **जम्मा** | **४५७४६५३।-** |

| अनियमित भएको | ४५,७४,६५३ |
|---|---|

६० **प्युठान अस्पताललाई अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाबाट प्युठान अस्पताल विकास समितिलाई लायन्स क्लब प्युठान र लायन्स क्लब इन्टरनेशनलको सहयोगमा इक्युस डाईलासिस कार्यक्रम अन्तर्गत कार्यपालिकाले निर्णय गरी रु.५०००००।- भुक्तानी दिएकोमा सो को बिल भरपाई पेश भएको नदेखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

६१ **बढी भुक्तानी**

६१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने तथा पेश हुन आएका विल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले भुक्तानी गर्नु अघि प्रमाणित गर्नुपर्नेछ भन्ने व्यवस्था छ । पालिकाले देहायअनुसारको भुक्तानी दिएकोमा बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असूल हुनुपर्दछ ।

६१.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६२ **शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

६२.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरी अनुदान प्राप्त गर्ने कार्यक्रमहरुलाई शिर्षकगत रुपमा उल्लेख गरेको छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत शैक्षिक गुणस्तर शुदृढिकरण एवम कार्य सम्पादनमा प्रोत्साहन अनुदान शिर्षकबाट श्री माण्डवी मा.वि लाई अनुदान स्वरुप गो.भौ.६०१।०८१।३।१९ बाट रु ४५०००००।-निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

६२.२ नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४(पहिलो संशोधन, २०७५) ले सार्वजनिक विद्यालयमा समान शैक्षिक पहुँच, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगसहित आधुनिक शिक्षण विधिमार्फत शैक्षिक गुणस्तर अभिवृद्धिका लागी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयले अतिरिक्त कक्षा संचालनमा विद्यार्थीहरूलाई शिक्षण शुल्कमा छुट शिर्षकमा रु.२८१५००।-खर्चको प्रस्ताव गरेकोमा शिक्षकले अतिरिक्त कक्षा वापतको रकम रु.२८१०२०।-बुझेको भरपाई मात्र पेश गरेको छ । साथै कुन कुन शिक्षकले कहिले कहिले कक्षा संचालन गरेको हो सो को समेत कार्यसूची पेश गरेको छैन । सो रकमको प्रस्तावनामा उल्लेख गरेवमोजिमको तथा निर्देशिका अनुसारको प्रमाण पेश हुनपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८१,०२० |

६२.३ नमुना विद्यालयले पेश गरेको प्रस्तावना अनुसार वाईरीङ्ग मिस्त्री खर्च शिर्षकमा रु.१०८०००।–तथा क्या.वि.प.वि. वचाउने शिक्षकलाई प्रोत्साहनको लागि रु.५००००।–को खर्च लेखेकोमा सोको प्रमाण समेत पेश नभएकोले प्रमाण पेश हुने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५८,००० |

६२.४ सम्वन्धित विधालयले प्रस्तावनामा उल्लेख गरे अनुसार अनुदान उपलब्ध गराए पश्चात् सोहि स्पेशिफिकेसन तथा खरिद कार्य भए नभएको सम्बन्धमा गाउँपालिका वाट अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसार भएको पाईदैन । गाउँपालिकावाट समय समयमा अनुगमन मूल्यांकन गरी स्रोत साधनको संरक्षण र समुचित प्रयोग तथा कार्यक्रमको प्रभावकारी कार्यान्वनमा जोड दिनु पर्दछ ।

## ६३ भेडावारी उदयपुरकोट बृहत खानेपानी योजनाः

६३.१ पालिकाले यस बर्ष संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) वजेट अन्तर्गत भेडाबारी उदयपुरकोट वृहत लिफ्ट खानेपानी आयोजना निर्माणको लागि रु.१५००००००।-वजेट व्यवस्था भई निकासा भएको पाईयो । पालिकाले स्विकृत DPR वमोजिम ५० घ.मि.(Existing Tank) को ट्याङ्किको ढलान, २५ घ.मि.को प्रथम ट्याङ्कि र ७५ घ.मि.को दोस्रो ट्याङ्कि निर्माण लगायतको कार्यको लागि रु.३३७१८७४३।०८ को लागत अनुमान तयार गरी स्विकृत गरेको छ । सो कार्य गर्नको लागि २०८०।९। २४ मा ठेक्का न ०८\MRM\NCB\०८०\०८१ बाट सूचना आव्हान गरेकोमा ५ वटा वोलपत्र परेकोमा ३ वटा वोलपत्रको प्राविधिक प्रस्तावमा सफल भई सोको आर्थिक प्रस्ताव मध्ये सबैभन्दा कम कवोल रु.२४५२१०६७।१०(१४.३%कम कवोल) फर्म महेन्द्र / बि.के.जु / जे.भी को वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग रु.२४५२१०६७।१०(मू.अ.कर सहित) मा २०८२।३।२० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।११।२९ मा सम्झौता भई सोहि दिनमा कार्यादेश समेत दिएको छ । सो सम्वन्धी व्यहोरा निम्नानुसार छन्:-

६३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को मा भेरिएसन गर्दा सो भेरीएसनको परिमाणको प्राविधिक पुष्ट्याई र कारण, स्विकृत वजेटमा परे नपरेको कुरा, निर्माण कार्यको ड्रईङ्गस डिजाईन, तथा स्पेशिफिकेशन आदि बदल्नुपर्ने र नपर्ने जस्ता कुराहरू भेरीएसनको स्विकृती गर्ने अधिकार भएको पदाधिकारीले प्रमाणित गर्नुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले कुनै कारण नखुलाई कार्यपालिकाको २०८१।१।२६ को निर्णय अनुसार प्रथम रीजर्भ ट्याङ्की २५ घ.मि.थप गरी ५० घ.मि.को बनाउने तथा वितरण ट्याङ्की ७५ घ.मि.थप गरी १५० घ.मि.को वनाउने निर्णय गरेको पाईयो । सो थप कार्यको लागि नयाँ दर सम्वन्धमा व्यवसायीसँग छलफल गरी २०८१।२।१ मा पुनःसंशोधित सम्झौता रकममा रु.२७०००००।-थप गरेको छ । यसरी कारण समेत नदेखाई स्विकृत वजेटको सिमाभन्दा बाहिर तथा सम्झौताको म्याद समाप्त हुन लागेको अवस्थामा भेरीएसन गरेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | २७,००,००० |

६३.३ निर्माण व्यवसायीले १५ कि.मि.को वितरण लाईन, समरसिवल पम्प लगायतको कार्य गर्न वाँकि रहेको र हालसम्म ५५% कार्य सम्पन्न भएकोमा यस बर्ष प्रथम विल गो.भौ.१३।०८१।२।२१ बाट रु.७३३०८३०।-तथा दोस्रो विल गो.भौ.१७।०८१।३।२२ बाट

रु.६२१३८१०।-गरी जम्मा रु.१३५४४६४०।-बराबरको भुक्तानी दिएकोमा गो.भौ १७ बाट पेश्कि रु. ९४४६४०।-कट्टा गरेकोमा रु. ८५५३६०।-पेशकि रकम वाँकि देखिन्छ । समयमा कार्यसम्पन्न गराउनेतर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

६४ **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २८ वटा ऐन, ५ वटा नियमावली र ५० बटा कार्यबिधि लगायतका ९६ वटा कानुनहरु स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहको कार्य अझै चुस्त तथा तथ्याङ्कपरक हुनुपर्ने देखिन्छ ।

| **विवरण** | **जम्मा** |
|---|---|
| जन्मदर्ता | ४२० |
| मृत्युदर्ता | १२५ |
| बसाईसराई दर्ता | ४६ |
| विवाह दर्ता | १७३ |
| सम्बन्धविच्छेद दर्ता | १९ |

६५ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २८ वटा ऐन, ५ वटा नियमावली, ५० कार्यविधी तथा मापदण्ड लगायत ९६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।साथै सबै कानूनहरु कार्यान्वयनमा आएको अवस्था छैन । तसर्थ उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

६६ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितीको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितीमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको २६ गरी कुल ३० विवाद दर्ता भएकोमा २२ वटा मात्र फर्स्योट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

६७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

६८ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय/व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु ४५०००००।-अबण्डा बजेट व्यवस्था गरी विभिन्न ३० वटा योजनामा रु.३८९६९१३।-खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ, जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

६९ **योजनाको प्राथमिकीरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ४७३ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२०लाख माथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३१६ | ३७ | १२७ | १५२ |
| २. | वडा स्तरीय | १५७ | ० | ० | १५७ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखि योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४११ योजनामात्र कार्यान्वियन भई ६२ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

७० **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७१ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७२ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिती देहाय बमोजिम छ ।

| **क्र.स** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **आषाढ महिना** |
| १ | पूँजिगत खर्चतर्फ | १२७४९४ | ४४० | ११८२३ | ११६४२ | ८४२१८ | ४२२४४२२२२००० |
| **प्रतिशत** | | **८४.८** | **०.३४** | **९.२७** | **९.१३** | **६६.०५** | **३३.११** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१२७४९४०००।-निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४४००००।-(०.३४प्रतिशत), दोस्रो त्रैमासिकमा रु.११८२३०००।-(९.२७प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.११६४२०००।-(९.१३प्रतिशत) चौथो त्रैमासिकमा रु.८४२१८०००।-(६६.०५प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४२२२२०००।-(३३.११प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २२४०५००० | १५६२९६०९ | ६९.७६ |
| सामाजिक विकास | २१८७५९९७६ | १९३३४६९७५ | ८८.३८ |
| पूर्वाधार विकास | ६१६१३००० | ५१८३५८६७ | ८४.०० |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४१०८००० | १०१३३८७१ | ७१.८३ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १०२७८१२७८ | ८१२१८१४७ | ७९.०२ |
| **जम्मा** | ४१९६६७२५४ | ३५२१६४४६९ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८८.३८ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ६९.७६ प्रतिशत खर्च गरेको छ । विनियोजित वजेटको सदुपयोग गरी आर्थिक विकासमा पालिकाले ध्यान दिनुपर्दछ ।

७४ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको अध्यक्षले मिति २०८०।०३।१० मा रु. ४१ करोड ९६ लाख ६७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान गर्नुपर्दछ ।

७५ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन भने आन्तरिक नियन्त्रण समिति समेत भएको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:-

· पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.२१लाख ९० हजार खर्च गरेको छ ।

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

· पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

· निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत ४८ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

· आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

· ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

· कार्यक्रम कार्यान्वियन निर्देशिकाले तोके अनुसारको दिवा खाजाको अनुगमन हुने नगरेको,

· भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१९ लाख ४० हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.१८ लाख ९०हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

· पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख गरेको पानइएन ।

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

· संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७६ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमाम यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट

तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७७ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करोड १० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.७८१९३८१।-अर्थात अनुमान भन्दा २८.९१ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७८ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २३२९०९०८७।- | ७८१९३८१।- | ३.३५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.३५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७९ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. : २०८०/८१ प्रकार : आन्तरिक राजस्व खाता महिना : असार | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी | असुली प्रतिशत |
| १ | सम्पती कर | २००००००. | १३४६७८४.७४ | ६७.३३९२ |
| २ | भुमिकर/मालपोत | ० | १३४१२७.८७ | ० |
| ३ | वहाल कर | ५०००००. | ५४२२८५.१२ | १०८.४५७ |
| ४ | वहाल विटौरी कर | ० | २८२८८. | ० |
| ५ | सवारी साधन कर (सानासवारी) | ५०००. | ० | ० |
| ६ | अन्य मनोरञ्जन कर | ५५०००. | ० | ० |
| ७ | व्यवसायले भुक्तानीगर्ने | ० | १३७५. | ० |
| ८ | अखेटोपहारमा लाग्ने कर | २५०००. | ० | ० |
| ९ | अन्य कर | ० | २२८००. | ० |
| १० | अन्य बिक्रीबाटप्राप्त रकम | ० | ४०००. | ० |
| ११ | अन्य सेवा शुल्क तथाबिक्री | ३४०००००. | २५७९२८२.५ | ७५.८६१३ |
| १२ | न्यायिक दस्तूर | ० | २९००. | ० |
| १३ | परीक्षा शुल्क | ० | ४३६००. | ० |
| १४ | अन्य प्रशासनिक सेवाशुल्क | २०००००. | १८४२५०. | ९२.१२५ |
| १५ | नक्सापास दस्तुर | ० | १४२४८. | ० |
| १६ | सिफारिश दस्तुर | ५०००००. | ५५२८७२.१५ | ११०.५७४ |
| १७ | व्यक्तिगत घटना दर्तादस्तुर | २०००००. | २०४८००. | १०२.४ |
| १८ | नाता प्रमाणित दस्तुर | ३००००. | २०४५०. | ६८.१६६७ |
| १९ | अन्य दस्तुर | २८५०००. | ३९६८३८. | १३९.२४१ |
| २० | व्यावसाय रजिष्ट्रेशनदस्तुर | ५०००००. | २७४७१७. | ५४.९४३४ |
| २१ | अन्य क्षेत्रको आय | ० | १०३६९९९.६२ | ० |
| २२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०००००. | ४८०००. | २४ |
| २३ | अन्य राजस्व | ३००००००. | १०९६५. | ०.३६५५ |
| २४ | व्यवसाय कर | १०००००. | ० | ० |
| २५ | बेरूजू | ० | ३६९७९८. | ० |
| **जम्मा** | | **११०००००००.** | **७८१९३८१.** | **७१.०८५३** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

८० **योजना तथा वजेट कार्यान्वयनः**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१२ करोड ७४ लाख ९४ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. ४ लाख ४० हजार(०.३४%), दोश्रो त्रैमासिकमा रु.१ करोड १८ लाख २३ हजार(९.२७%), तेस्रो त्रैमासिकमा रु.१ करोड १६ लाख ४२ हजार(९.१३%), चौथो त्रैमासिकमा रु. ८ करोड ४२ लाख १८ हजार (६६.०६%) र असार महिनामा मात्रै रु.४ करोड २२लाख २२ हजार(३३.१२%) खर्च भएको देखिन्छ। पालिकाको आषाढ महिनाको खर्च उच्च रहेकोले यसमा सुधार गर्नुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ९२ लाख ४८ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा २.२० प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापनमा कुशलता भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

८१ **लक्ष्य प्रगति :**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगती तयार नगर्ने तथा तोकिएअनुसारको प्रगती हाँसिल नहुनुको कारण विश्लेषण गरी प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ४७३ | ६२ | ६ | २१ | ३८४ |

८२ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिती देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,२४,०५,००० | १,५६,२९,६०९.४० | ६९.७६ |
| २ | पूर्वाधार विकास | ६,१६,१३,००० | ५,१८,३५,८६७ | ८४.१३ |
| ३ | सामाजिक विकास | २१,८७,५९,९७६ | १९,३३,४६,९७५ | ८८.३८ |
| ४ | वन बातावरण तथा विपद व्यवस्थापन | २३००००० | ७९६०८४ | ३४.६१ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ११८०८००० | ९३३७७८७ | ९२.१४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०,२७,८१,२७८.६१ | ८,१२,१८,१४७.९१ | ७९.०२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८८.३८ प्रतिशत र वन बातावरण तथा विपद व्यवस्थापनमा सबै भन्दा घटी ३४.६१ प्रतिशत रहेको छ । अतः पालिकाले वातावरण तथा विपद व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ ।

८३ **मालसामानको गुणस्तरः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरिक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितीले निरिक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरिक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेसन, निरिक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ तर यस पालिकाले सो अनुरुप गरेको पाइएन। तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको गुणस्तर प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

८४ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवारको लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५७६२४२३३।९६ र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.५५१४६०००।–, सामाजिक विकास कार्यक्रममा रु.३७५०००।-, पर्यटन पुर्वधार विकास आयोजनामा रु.१६०००४६।–र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.३६००००।–गरी जम्मा रु.११५१०५२७९।९६ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

८५ **पाम्सको प्रयोगः**

नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा लागू गरेको छ । पालिकाले यो आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षातर्फ खरिद गरेको औषधी, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । साथै मर्मत तर्फको सामानहरू समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

८६ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरिक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छन्:-

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

८७ **आर्थिक सहायता :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार स्थानिय तहको बजेट तर्जुमा गर्दा स्थानीय तहको कार्यक्षेत्र भित्र पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका देहाय बमोजिमका संस्थाका विभिन्न प्रयोजन तथा सहायका लागि खर्च लेखेको पाईयो।स्थानिय सरकारको स्रोत अन्य तहका निकायहरुका लागी खर्च गरिने तथा नाफामुलक संस्थाका लागि खर्च गर्ने कार्यले स्थानिय योजना र विकासका लागी स्रोत अभाव हुने देखिन्छ । अत: यस्तो कार्यमा नियन्त्रण गर्दै स्थानिय विकासमा प्राथिमकताका आधारमा बजेट बिनियोजन नगरी सो बिपरित बिनियोजन तथा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| ५५७/ २०८१-२-१ | अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ | ५००० |
| ६०२/ २०८१-३-९ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) | २०००० |
| ५५७/ २०८१-२-१ | नेपाल कम्प्युनिष्ट पार्टी (एकिकृत समाजवादी) लाई सहयोग | ५००० |
| ४४६/ २०८०-९-२५ | हाँक साप्ताहिक | १०००० |
| ४४९/ २०८०-९-२४ | जिल्ला सहकारी संघ लिमिटेड | ३५००० |
| ५३०/ २०८१-२-१ | अन्य संस्थ सहयता | १०००० |
| ५५७/ २०८१-२-१ | नेपाल ट्रेड युनियन काँग्रेस | ५००० |
| ५५७/ २०८१-२-१ | नेपाल पत्राकार महासंघ | १०००० |
| ५५७/ २०८१-२-१ | नेपाल विद्यार्थी महासंघ | ५००० |
| ५५७/ २०८१-२-१ | योङ्ग कम्युनिष्ट लिग नेपाल | २५००० |
| ५५७/ २०८१-२-१ | राष्ट्रिय जनमोर्चा जिल्ला समिति प्युठान | १०००० |
| ५५७/ २०८१-२-१ | नेपाल दलित पत्रकार संघ नेपाल | ५००० |
| ५५७/ २०८१-२-१ | जनता माध्यमिक विद्यालय बिजुली (रेडक्रसको कार्यक्रम) | ५००० |
| ५५७/ २०८१-२-१ | राष्ट्रिय दलित पत्रकार संघ नेपाललाई सहयोग | ४०००० |
| **जम्मा** | | **१९००००** |

८८ **अनुत्पादक खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस गाउपालिकाको आ.व. २०८०।८१ को चालु बजेट शीर्षकबाट विभिन्न पर्व तथा दिवस, महोत्सव, जेष्ठ नागरीक सम्मान, सास्कृतिक लगायतका कार्यक्रममा खर्च रु. ७८८५४८।- गरेको छ ।सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चत हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा खर्च गरेको देखिन्छ, जसका केही उदाहरणहरु निम्नानुसार छन।

| वडा नंम्बर | कार्यक्रम | कामको विवरण | संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | अपाङ्ग भएका व्यक्तिलाई सम्मान | स्याण्ड फ्यान | १५ | ४८७५० |
| | जेष्ठ नागरिक सम्मान | ब्लाङ्केट लुज | ११२ | १००००० |
| | दलित सशक्तिकरण | ब्याग | २५ | ५०००० |
| २ | जेष्ठ नागरिक सम्मान | ब्लाङ्केट | ६० | १४०००० |
| ४ | जेष्ठ नागरिक सम्मान | ब्लाङ्केट | ९१ | १४९९३२ |
| ३ | बादर तथा बनिबल नियन्त्रण कार्यक्रम | बन्दुक | १० | ५०००० |
| ६ | जेष्ठ नागरिक सम्मान | ब्लाङ्केट खरिद | १५० | १४९८३६ |
| ७ | विपन्न एकल महिला कार्यक्रम | ब्लाङ्केट खरिद | ६७ | १००००० |
| | | | **जम्मा** | **७८८५४८** |

८९ **सरकारी सम्पत्ति जग्गाको लगतः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ मा घर जग्गाको लगत राख्नु पर्ने व्यवस्था छ। साथै म.ले.प फारम नम्वर ४१७ को ढाँचामा घरजग्गा लगत किताब भरी अभिलेख राख्दा प्रत्येक सरकारी कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तरगतको सरकारी घर जग्गाको लगत राख्नु पर्ने व्यवस्था गरेको छ । ती घर जग्गाको आफ्नो नाममा वा अन्या कुनै कार्यलयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त भए नभएको खुलाई अभिलेख राख्नु पर्नेमा सो भएको देखिएन । घर जग्गाको कानुन अनुसार लगत राख्नु पर्ने तर्फ जिम्मेवार पक्षले ध्यान दिनुपर्ने देखिन्छ ।

९० **कर्मचारी व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाको स्विकृत दरवन्दि ६३ मध्ये संघबाट समायोजन भई आएका २१ सहित ३२ जना र कारारमा २९ जना रहेकोमा ३१ जना पद रीक्त रहेको विवरण पेश गरेको छ । त्यस्तै स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो । स्वीकृत दरवन्दी वेगरको पदमा कर्मचारी राखी तलव भत्ता रु १८५४०००।भुक्तानी गरेको पाइयो । दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ । स्वीकृत दरबन्दी बेगर पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु

| पदको नाम | स्वीकृत दरवन्दी | पदपूर्ति | दरबन्दी भन्दा बढी पदपूर्ति |
|---|---|---|---|
| अ.न.मि | १० | १३ | ३ |
| अ.हे.ब. | १० | १३ | ३ |

| | |
|---|---|
| अनियमित भएको | १८,५४,००० |

९१ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले

सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गत वर्ष १०० थानको रु.९०४।–ले हुने जम्मा रु ९०४००।-र यस वर्ष ११० थान को रु. ९०४।-गरी जम्मा रु.९८९९२।- खरिद गरेकोमा गत वर्ष १५२ जना र यस वर्ष १४१ जना र गरी २९३ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ६३ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

९२ **आय ठेक्काः**

९२.१ नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधी, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दी स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेमा सो अनुगमन प्रतिवेदन पेश भएन । त्यस्तै संझौता बमोजिम नदी खोला खहरे खोल्सा र नदि उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदिजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था गरेको भएता पनि तदनुसारको प्रतिवेदन पठाएको देखिएन ।

९२.२ नदीजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवा विक्रीको लागि माण्डवी गाउँपालिकाले आय ठेक्का लगाएको देखियो । कुल परिमाण १४१६५ मे.ट. उत्खन्न गर्ने गरि अधिकतम कबोल गर्ने श्री ओसन इन्जिनियरिङ कन्सल्टेन्सी कन्सट्रकसन सप्लायर्सले ठेक्का रु.३०१२०००।-मा सकारेको पाइयो । बोलपत्रदाताले ठेक्का सकारेको रु.३०१२०००।-को १३ प्रतिशत हुनआउने रु.३९१५६०।-गाउँपालिकाको नाममा कर कार्यालयमा र ठेक्का मार्फत किनेको ढुङ्गा गिट्टी बालुवा बापत हुनआउने १.५ प्रतिशत अग्रीम आय कर रु.४५१८०।-समेत दाखिला गरेको देखिएता पनि दैनिक उत्खन्न गर्ने परिमाण नतोकेको,घाटगद्दी नगरेको तथा अनुगमन समेत नगरेको हुंदा तोकिएकै परिमाणमा उत्खन्न भएको हो/होइन भन्नेमा विश्वस्त हुन सकिएन ।

९३ **कृषि सम्बन्धि कार्यक्रमः**

९३.१ यस गाउँपालिकाले आ.ब २०८०/०८१को बजेट मार्फत कृषि सम्बन्धी बिबिध सिप बिकास सम्बन्धी कार्यक्रम, तालिम कार्यक्रम, अबलोकनात्मक कार्यक्रम, दिवस मनाउने कार्यक्रम,कृषि व्यावसाय प्रबर्द्धन कार्यक्रम,आपत्कालिन कृषि विशेष कार्यक्रम तथा लागत साझेदारीमा संचालित कार्यक्रम जस्ता बिबिध कार्यक्रम बजेटमा राखि खर्च गरेको भएता पनि कार्यक्रम पश्चातको उपलब्धि मुल्यांकन नहुनु ,प्रभावकारी रुपमा नियमित अनुगमन नहुनु, बितरणको अभिलेख प्रभावकारी रुपमा नराख्नु, कृषकको छनोटमा आधार र मापदण्ड तयार नगर्नु जस्ता कारणले उक्त कार्यक्रम मार्फत गरिएको खर्च उत्पादनमुलक तथा प्रभावकारी भए भन्नेमा विश्वस्त समेत हुन सकिएन । तसर्थ पालिकाल यस्ता कार्यक्रमहरु संचालन पश्चात नियमित अनुगमन र उपलब्धिको मुल्यांकन गरि उत्पादनमुलक बनाउनु आवश्यक देखिन्छ ।

| सि.नं. | कार्यक्रम | रकम रु |
|---|---|---|
| १ | बहुउदेशीय नर्सरी व्यवस्थापन | २००००० |
| २ | ५ वटै वडाहरुमा कृषि सम्बन्धि तालिम | ५००००० |
| ३ | स्मार्ट कृषि गाउँ कार्यक्रम | १०००००० |
| ४ | खाद्यान्न बालीको बिउ वितरण तथा संरक्षण कार्यक्रम | ३००००० |
| ५ | कृषक अवलोकन भ्रमण कार्यक्रम | ४००००० |

९३.२ कार्यालयले विभिन्न मितिमा बिउ, मल, बिषादीहरु, औजार लगायतका कृषि सामाग्रीहरु विभिन्न फर्महरुबाट खरिद गर्ने र विभिन्न कृषकहरुलाई बितरण गर्ने गरेको पाइयो । यसरी बितरण गर्दा कार्यालयको क्षेत्रभित्र कृषि कार्यमा संलग्न सबै कृषकहरु मध्येबाट केही कृषक पटक पटक नदोहोरिने गरी तथा सबै कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन । यस्तो प्रणाली नहुदा सूचना र कार्यालयमा पहुँच हुने केही कृषकहरुले मात्र पटक पटक लाभ प्राप्त गर्न सक्ने देखिएकोले कृषक छनौटको बिश्वसनीय र बैज्ञानिक आधार बिकास गरी कार्यान्वियन गरिनुपर्दछ ।

९३.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँ भन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १६(३)मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्दा अर्थमन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वियन गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । खरिद सम्बन्धमा गाउँपालिकावाट कुनै कानुनी प्रावधान उल्लेख गरेको पाइएन । अतः गाउँपालिकावाट प्रचलित कानूनी व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

९३.४ सरकारी अनुदान रकमको वितरण, सदुपयोग सहि एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्येश्य अनुरुप अनुदानको सदुपयोग भएको हो होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

९३.५ **स्वास्थ्य परीक्षण नभएको :** भैसि तथा बाख्रा खरिद गर्नुपुर्व स्वास्थ्य परिक्षण गरेर स्वस्थ्य पशु मात्र खरिद गर्नुपर्नेमा खरिद गर्दा स्वास्थ्य परिक्षण गरेर खरिद गरेको पाईएन ।

९३.६ **तोकिएको गुणस्तर नभएको :** लागत साझेदारी बाख्रा स्रोत केन्द्र विकास कार्यक्रम कार्यसञ्चालन प्रकृया सम्बन्धी मार्गदर्शन २०७७ को नियम ५ (४) मा उन्नत बोका शुद्ध नश्लको हुनुपर्नेछ भने पहिलो पुस्तामा जन्मिने पाठापाठीमा सो बोकाको कम्तिमा ५० प्रतिशत रगत शुद्धता हुनेगरी हुनुपर्ने व्यवस्था रहेको छ । कृषक समितिले खरिद गरेको बाख्राको जात उल्लेख गरेको छैन ।

९३.७ **अन्य व्यहोराहरु :**

• आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।

• अनुदान कार्यक्रम तोकिएको मापदण्ड अनुसार सञ्चालनमा रहेको देखिदैन ।

• वितरण गरीएका वाख्रा तथा भैसि निश्चित अवधि सम्म वेचविखन गर्न नपाउने र विउ पूँजीको रुपमा अन्य कृषक समुहहरुमा साटफेर गर्ने गरी कबुलियतनामा गराउनुपर्नेमा गरेको छैन। यसबाट अनुदानको सहि सदुपयोग हुनेमा विश्वस्त हुन सकिएन। यस प्रकारका वितरण मुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ।

अत: गाउँपालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

**९४ लागत साझेदारीमा बाख्रा प्रबर्दन कार्यक्रम तथा भैसि प्रबर्दन कार्यक्रम:**

आ.ब.२०८०/८१ को बजेट अन्तर्गतको कार्यक्रम अन्तर्गत रहि कृषक र गाउँपालिकाले ५०/५० प्रतिशतको लागत साझेदारि हुने गरि गाउँपालिकाले बाख्रा तथा राँगा खरिद गर्न अनुदानको रुपमा गो.भौ.न.३ र ५ बाट कुल ४९६५००/ खर्च गरेको देखिन्छ । यसरि बाख्रा तथा भैसि खरिद गर्दा के कति र कस्तो गुणस्तरको खरीद गर्ने हो सोको लागत अनुमान तयार गरेको तथा मापदण्ड समेत निर्धारण गरेको पाईएन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : माण्डवी गाउँपालिका, प्युठान , माण्डवी गाउँपालिका , प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | BHIMAKANTA BHANDARI | २०८१-६-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Madhav K.C | २०७९-७-६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२९८,५५९.२६ | ३२,१२६,३४३.८ | ४,४७८,७८४ | ० | ० | ८५५,३६० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३८,७५९,०४७.०६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,५६७,५८९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३७,१९१,४५८.०६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५०५१०८०१.४३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८४६०५२७९.९६ | चालु खर्च | ३०२३९८००८.२७ |
| प्रदेश सरकारबाट अनुदान | २२५९९००० | पूँजीगत खर्च | १६४८७१७४२ |
| राजश्व बाँडफाँट | ७२३२५९२९ | वित्तीय/अन्य व्यवस्था | ३७९५६७३७.३७ |
| आन्तरिक आय | ७८१९३८१.० | | |
| अन्य आय | १४३४५०४१.५९ | | |
| कुल आय | ५०१६९४६३१.५५ | कुल खर्च | ५०५२२६४८७.६४ |
| बाँकी मौज्दात | | ४६९७८९४५.३४ | |

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| वडा तथा जिम्मेवारी पदाधिकारी | राजस्व संकलन भएको अवधि | राजस्व दाखिला मिति | राजस्व रकम |
|---|---|---|---|
| वडा नं १<br>चेतनाथ अधिकारी | साउन | २०८०।४।२३ | ४६००८।- |
| | भदौ | २०८०।५।१<br>२०८०।५।१८ | ३९८४८।-<br>११४३९.९१।- |
| | असोज | २०८०।६।२<br>२०८०।६।२१ | ११६४६.३३।-<br>२०३८०।- |
| | कार्तिक | २०८०।७।३<br>२०८०।७।२४ | २१९९.२०।-<br>२७३५६।- |
| | मंसिर | २०८०।८।२९<br>२०८०।८।१७ | २००।-<br>१११९०।- |
| | पुष | २०८०।९।१<br>२०८०।९।१७ | ११३११.१८।-<br>११३२९.६३।- |
| | माघ | २०८०।१०।५<br>२०८०।१०।१६ | १०४८९.७२।-<br>११२३४.५७। |
| | फागुन | २०८०।११।४<br>२०८०।११।१८ | ८६७४.१८।-<br>१८६२५.४५।- |
| | चैत | २०८०।१२।४<br>२०८०।१२।१८ | ५०१०।-<br>४५६४।- |
| | बैशाख | २०८१।१।३<br>२०८१।१।१८ | ११६०८.१७।-<br>७२५०।- |
| | जेष्ठ | २०८१।२।१<br>२०८१।२।१७ | ५४५०।-<br>१८०२६.४६।- |
| | असार | २०८१।३।४ | १९३०३.२८।- |
| | | **जम्मा** | **३,१३,०६४.०८।-** |
| वडा नं. २<br>यज्ञबहादुर खड्का<br>घनश्याम अधिकारी | साउन | | |
| | भदौ | २०८०।५।५<br>२०८०।५।१८ | ५५९३८.२७।-<br>१२१९२.२०।- |

| | | | |
|---|---|---|---|
| | असोज | २०८०।६।२<br>२०८०।६।१७ | ६३६२.९८।-<br>१९७२८.४५।- |
| | कार्तिक | २०८०।७।१ | १०१८९.०२।- |
| | मंसिर | २०८०।८।५<br>२०८०।८।१८ | २१९०२।-<br>१११६८.५४।- |
| | पुष | २०८०।९।१<br>२०८०।९।१६ | ५६७०।-<br>१०८१९.११।- |
| | माघ | २०८०।१०।७<br>२०८०।१०।१६ | १०१५४.६५।-<br>५०४०.७०।- |
| | फागुन | २०८०।११।३<br>२०८०।११।१८ | ९२१६.५६।-<br>५९२९.०६।- |
| | चैत | २०८०।१२।१<br>२०८०।१२।१५ | १८३३१.०९।-<br>२५२९२.४५।- |
| | बैशाख | २०८१।१।६<br>२०८१।१।१७ | २१९२३.७२।-<br>१४५४०।- |
| | जेष्ठ | २०८१।२।१<br>२०८१।२।१७ | २५९५४।-<br>१३८०४।- |
| | असार | २०८१।३।२ | ७७३५.६६।- |
| | | **जम्मा** | **३,११,८९२.४६** |
| वडा नं ३<br>कमल योगी | साउन | २०८०।४।१९ | ४९२५४.७५।- |
| | भदौ | २०८०।५।१<br>२०८०।५।१८ | १६१७४४.६३।-<br>६७२२८.६९।- |
| | असोज | २०८०।६।५<br>२०८०।६।२६ | २७६५९.८९।-<br>७८५७०.९५।- |
| | कार्तिक | २०८०।७।२<br>२०८०।७।२३ | २९२८९.९८।-<br>९१७९.७२।- |
| | मंसिर | २०८०।८।७<br>२०८०।८।२२ | १०४७६.९२।-<br>१५८३०.९४।- |

| | | | |
|---|---|---|---|
| | पुष | २०८०।९।४<br>२०८०।९।२३ | २६७८९.६२।-<br>३१७३६.५५।- |
| | माघ | २०८०।१०।४<br>२०८०।१०।१६ | २०७८५.०७।-<br>२०९७९.८१।- |
| | फागुन | २०८०।११।४<br>२०८०।११।२३ | ११३१६.३९।-<br>१८७००.१५।- |
| | चैत | २०८०।१२।१<br>२०८०।१२।३० | ६८९९.६८।-<br>४२६२३.५४।- |
| | बैशाख | २०८१।१।२<br>२०८१।१।२३ | १४५२०.५८।-<br>३६२७४.८२।- |
| | जेष्ठ | २०८१।२।३<br>२०८१।२।२२ | १८९९०.८४।-<br>२१२८४.८९।- |
| | असार | २०८१।३।२ | २१८७२.६१।- |
| | | **जम्मा** | **७,६९,०११.०२।-** |
| वडा नं. ४<br>खिम बहादुर घर्ती मगर | साउन | २०८०।४।१६ | २४९४१.२४।- |
| | भदौ | २०८०।५।५<br>२०८१।५।१७ | १०८१२१.७९।-<br>१२३२८.४२।- |
| | असोज | २०८०।६।५<br>२०८०।६।१९ | २९९२.६४।-<br>४२४८.३८।- |
| | कार्तिक | २०८०।७।२<br>२०८०।७।१२ | २०७६।-<br>३४६८.३५।- |
| | मंसिर | २०८०।८।८<br>२०८०।८।२९ | ४९५४.४७।-<br>५६९०.४४।- |
| | पुष | २०८०।९।२९ | ७११३।- |
| | माघ | | |
| | फागुन | २०८०।११।५<br>२०८०।११।१८ | ४८१२.६९।-<br>५४११।- |
| | चैत | २०८०।१२।१<br>२०८०।१२।१६ | ३३०।-<br>९९५०.२५।- |

| | | | |
|---|---|---|---|
| | बैशाख | २०८१।१।३<br>२०८१।१।२१ | २८५४.९४।-<br>१७०९४.१७।- |
| | जेष्ठ | २०८१।२।४ | १६०६.१८।- |
| | असार | २०८१।३।५ | ६४०५.३४।- |
| | | **जम्मा** | **२,२४,३९९.३।-** |
| वडा नं. ५<br>रवि आचार्य<br>रोसन जि सी | साउन | | |
| | भदौ | २०८०।५।३<br>२०८०।५।४<br>२०८०।५।१७ | १३४६१।-<br>२६२५.१७।-<br>१८३३२.९७।- |
| | असोज | २०८०।६।९<br>२०८०।६।१६ | २९५७१.६८।-<br>१८४६२.०५।- |
| | कार्तिक | | |
| | मंसिर | २०८०।८।४<br>२०८०।८।१९ | ११०८२.५५।-<br>८३५७।- |
| | पुष | २०८०।९।४<br>२०८०।९।१७ | २७१६.८०।-<br>४८०४.६६।- |
| | माघ | २०८०।१०।३<br>२०८०।१०।१६ | ७२७६.६३।-<br>६६५०.१८।- |
| | फागुन | २०८०।११।५<br>२०८०।११।१६ | ८९३१.९१।-<br>१८३६०.८६।- |
| | चैत | २०८०।१२।१<br>२०८०।१२।१९ | ८७११.९३।-<br>७४६१.४४।- |
| | बैशाख | २०८१।१।५ | ७९९८८.४७।- |
| | जेष्ठ | २०८१।२।३ | १५९९९.९६।- |
| | असार | २०८१।३।२ | २५८६५.३३।- |
| | | **जम्मा** | **२८८६६०।५९** |

## बेरूजु दफा १६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष | कार्यपालिकासदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | ० | ० | ६००००० | ४३२००० | ५७६००० | १६०८००० |
| २ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | १८०००० | २१६००० | ४८०००० | ९५४००० |
| ३ | पुस्तक,पत्रीका,ईन्टरनेट | ४८००० | ४८००० | १८०००० | २१६००० | ३८४००० | ८७६००० |
| ४ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ३६०००० | ३६०००० | ५७६००० | १५१२००० |
| ५ | अतिथि सत्कार | ७२००० | ६०००० | २४०००० | ० | ० | ३७२००० |
| ६ | खानेपानी/बिजुली/सरसफाई | १२०००० | १२०००० | २४०००० | ० | ० | ४८०००० |
| ७ | चाडपर्व खर्च | १५००० | १५००० | ६०००० | ६०००० | ११२००० | २६२००० |
| ८ | अन्य भए उल्लेख गर्ने | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | **४१७०००** | **३७५०००** | **१८६००००** | **१२८४०००** | **२१२८०००** | **६०६४०००** |

## बेरूजु दफा ४२.४ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | सञ्चालन गर्ने निकाय | आयोजना / कार्यक्रमको नाम | रोजगारी संख्या | वित्तिय प्रगति (खर्च) |
|---|---|---|---|---|
| १ | वडा नं. १ | पधैँरा खोला देखि भग्री खोला सिँचाई योजना | ८ | ३९६००० |
| २ | वडा नं. १ | खानेपानी ट्याँकी निर्माण योजना थानकोट | ८ | १००००० |
| ३ | वडा नं. १ | बढेचौर देखि दोबाटा पिपल सम्म जाने गोरेटो बाटो मर्मत योजना | ७ | १००००० |
| ४ | वडा नं. १ | त्रिवेणी देखि धुरिमारे पदमार्ग निर्माण योजना | ७ | ३८०००० |
| ५ | वडा नं. २ | पिपल छेडा गेरुडाँडा गेङ जोड्ने गोरेटो बाटो निर्माण योजना | ८ | ४९६००० |
| ६ | वडा नं. २ | खक्लिखोला ढिकाबन पक्कि सिचाई कुलो निर्माण योजना | ७ | ४८०००० |
| ७ | वडा नं. ३ | मार्सिवाङ पक्कि कुलो निर्माण योजना | ७ | ३००००० |
| ८ | वडा नं. ३ | सेउलिघारि देखी सल्लिकोट जाने गोरेटो बाटो निर्माण | ७ | १८०००० |
| ९ | वडा नं. ३ | वडा न. ३ भित्र पक्कि कुलो निर्माण योजना | ८ | ३००००० |
| १० | वडा नं. ३ | चौपारी सरक्षण तथा भकारो सुधार योजना | ८ | १९६००० |
| ११ | वडा नं. ४ | नर्सुदेखि-सल्लिखर्कबिद्यालय-गोरेटो-भेडाबारीमोटर-पर्खाल निर्माण | ७ | ४८०००० |
| १२ | वडा नं. ४ | चेरनेटारिठेखोला फरेटखोला अधुरो योजना निर्माण | ५ | ३३४००० |
| १३ | वडा नं. ४ | उदयपुरकोट चेरनेटारिठेखोला डाँडाकटेरी मोटर बाटो पर्खाल | ८ | ४९६००० |
| १४ | वडा नं. ५ | तिग्राअर्दुश तथा साईटार पक्कि कुलोनिर्माण | ८ | ४५०००० |
| १५ | वडा नं. ५ | कालीखोलापुल देखि महिला भवन सम्मको गोरेटो बाटो निर्माण | ८ | ४६०००० |
| १६ | वडा नं. ५ | ५ न.वडा भीत्रकाअधुरा पक्कि सिचाई कुलोहरु निर्माण | ७ | ४८०००० |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नभएकोले आन्तरिक नियन्त्रण प्रभावकारि देखिदैन । आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।